जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक
शुभकामना
हिन्दूहरुको महान चाड
नागपंचमीको अवसरमा
सम्पूर्ण श्रद्धालु, शुभेच्छुक
प्रति मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

वर्ष २८ •अंक ८९ • २०८३ साल भाद्र १ गते सोमबार (17 August, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मञ्चमै निधि-महतबीच धकेलाधकेल

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापन इतर पक्षले आयोजना गरेको राष्ट्रिय सम्मेलनको समापन सत्रमा प्रस्ताव प्रस्तुत गर्ने क्रममा नेताहरू विमलेन्द्र निधि र डा. प्रकाशशरण महतबीच विवाद र धकेलाधकेल भएको छ ।

सम्मेलनबाट पारित गर्ने प्रस्तावमा '१४औँ महाधिवेशनबाट निर्वाचित पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा १५औँ महाधिवेशन सम्पन्न हुनेछ' भन्ने विषय प्रस्तुत भएपछि नेताहरूबीच मतभेद देखिएको थियो । महतले प्रस्तावमा 'कार्यसमिति' शब्द थप्न आग्रह गरेपछि नेता निधि पोडियममा पुगेर उनलाई हट्न आग्रह गरेका थिए ।

त्यसक्रममा दुवैबीच भनाभन र कागज खोसाखोस भएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको छ । धर्मसम्बन्धी विषयमा पनि नेता निधि र महतबीच मतभेद देखिएको थियो ।

मञ्चमै विवाद बढेपछि निवर्तमान सभापति शेरबहादुर देउवाले हस्तक्षेप गरेका थिए । अन्ततः महतले तयार पारेको 'सनातनदेखि मानिँदै आएका धर्महरू मान्न सबै स्वतन्त्र हुने' भन्ने बुँदा नै वाचन गरेर प्रस्ताव पारित गरिएको थियो ।

### 'सनातन हिन्दू राष्ट्र'को पक्षमा कांग्रेस इतर समूह

# 'कसैलाई पनि हिन्दू धर्म मान्नबाट वञ्चित गर्न पाइँदैन, सबै धर्मप्रति मेरो सम्मान छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको संविधानमा रहेको धर्मनिर्पेक्षताको बर्खिलापमा सनातन हिन्दू धर्मलाई राष्ट्रिय पहिचानका रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसको संस्थापन इतर पक्षले आयोजना गरेको तीनदिने राष्ट्रिय सम्मेलनको समापनको अवसरमा निवर्तमान सभापति देउवाले नेपालमा हरेक व्यक्तिलाई आफ्नो धर्म मान्ने स्वतन्त्रता हुनुपर्ने भन्दै सनातन धर्म, हिन्दू संस्कार र धार्मिक सहिष्णुताको संरक्षणमा जोड दिए ।

'बुद्ध धर्मप्रति पनि मेरो उत्तिकै श्रद्धा छ । अन्य धर्मावलम्बी र प्राकृतिक धर्म मान्ने सबैप्रति मेरो सम्मान छ,' देउवाले भने ।




देउवाको धार्मिक स्वतन्त्रतासम्बन्धी अभिव्यक्ति सम्मेलनले पारित गरेको पाँचबुँदे निष्कर्षसंग समेत जोडिएको छ । सम्मेलनले नेपालको सनातनदेखि चलिआएको धर्म-संस्कृतिलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सम्मेलनको तेस्रो बुँदामा नेपालको सनातन धर्म-संस्कृति राष्ट्रिय पहिचान भएको उल्लेख गर्दै नेपालमा रहँदै आएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ । हिन्दू, बौद्ध, किरात तथा प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गर्दै सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने प्रतिबद्धता पनि सम्मेलनले गरेको छ ।

समापन समारोहमा देउवाले आफूलाई विगतदेखि नै नेपालको न्यायालयले न्याय दिँदै आएको उल्लेख गर्दै न्यायालयप्रति पूर्ण विश्वास रहेको बताए ।

पञ्चायतकालदेखि नै आफू र नेपाली कांग्रेसलाई न्यायालयले न्याय दिएको उनको भनाइ थियो । आफूलाई तत्कालीन राजाले थुनामा राख्दा समेत सर्वोच्च अदालतले शाही आयोग खारेज गरेको स्मरण गर्दै देउवाले अहिले पनि कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेकाले न्याय पाउने अपेक्षा रहेको दोहोऱ्याए ।

कांग्रेसको संस्थापन पक्षले विशेष महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिलाई वैधानिकता नदिइ त्यसविरुद्ध कानुनी चुनौती दिँदै आएको छ । विशेष महाधिवेशनबाट तत्कालीन महामन्त्री गगनकुमार थापा सभापतिमा चयन भइ नयाँ केन्द्रीय कार्यसमिति गठन भएको थियो ।

विशेष महाधिवेशनमा सहभागी नभएको तत्कालीन संस्थापन पक्षले उक्त महाधिवेशन अवैध भएको दाबी गर्दै निर्वाचन आयोगमा उजुरी दिएको थियो । आयोगले विशेष महाधिवेशनबाट निर्वाचित समितिलाई मान्यता दिएपछि असन्तुष्ट पक्ष सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले आयोगको निर्णयलाई नै मान्यता दिएको थियो ।

त्यसपछि असन्तुष्ट पक्षले आधिकारिकतासम्बन्धी निर्णय पुनरावलोकनको माग गर्दै दिएको निवेदनमाथि सर्वोच्च अदालतको पूर्ण इजलासले यही साउन २१ गते निस्सा दिएको छ । यसले कांग्रेसको वैधानिकता र नेतृत्वसम्बन्धी विवादलाई पुनः न्यायिक प्रक्रियामा ल्याएको छ ।

देउवाले विशेष महाधिवेशनले पार्टीमा विभाजन ल्याउने भन्दै आफूले त्यस्तो कदम नचाल्न आग्रह गरेको स्मरणसमेत गरे ।

तीनदिने राष्ट्रिय सम्मेलनले नेपाली कांग्रेसको आगामी १५औँ महाधिवेशन १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा सम्पन्न गर्ने निष्कर्ष निकालेको छ ।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाको संयोजकत्वमा साउन २९ गतेदेखि काठमाण्डुमा आयोजना गरिएको सम्मेलनमा पार्टीको आगामी महाधिवेशन, राष्ट्रिय राजनीति, संविधान संशोधन, धर्म-संस्कृति तथा संगठनात्मक विषयमा छलफल भएको थियो ।

सम्मेलनको पहिलो निष्कर्षमा १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा १५औँ महाधिवेशन सम्पन्न गर्ने उल्लेख छ ।

सम्मेलनमा शनिबार विभिन्न पाँच प्रस्ताव प्रस्तुत भएका थिए । विमलेन्द्र निधिले राजनीतिक, डा. प्रकाशशरण महतले आर्थिक, एनपी साउदले समसामयिक, रमेश लेखकले कानुन तथा विधान र उमाकान्त चौधरीले संगठनसम्बन्धी प्रस्ताव प्रस्तुत गरेका थिए ।

सबै प्रस्तावमाथि प्रदेशगत रूपमा छलफल गरी प्रदेशगत धारणा तथा प्रस्तुति लिइएको थियो । सम्मेलनका प्रचार-प्रसार समिति संयोजक मीनबहादुर विश्वकर्माका अनुसार छलफलपछि प्राप्त सुझावलाई समेटेर सम्मेलनका प्रस्ताव परिमार्जनसहित पारित गरिएको छ ।

सम्मेलनले विभिन्न प्रस्ताव तथा छलफलबाट आएका सुझावलाई समेटी परिमार्जनसहित पारित प्रस्तावलाई अन्तिम लिखित दस्तावेजका रूपमा तयार गर्ने जिम्मेवारी केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा गठित समितिलाई दिएको छ ।

समितिमा केन्द्रीय सदस्य उमाकान्त चौधरी र सीता राना सदस्य तथा मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेल सहयोगी रहेका छन् ।

स्वास्थ्य उपचारका लागि विदेश गएका देउवा करिब पाँच महिनापछि बिहीबार मात्रै स्वदेश फर्किएका थिए । समापन समारोहमा उनले पार्टीका नेता तथा कार्यकर्ताबाट प्राप्त ठूलो साथ, सद्भाव र समर्थनलाई आफूले कहिल्यै नबिर्सने बताए । पार्टीलाई एकताबद्ध बनाउने उद्देश्यले सम्मेलन आयोजना गरिएको संयोजक डा. कोइरालाले प्रस्ट्याए ।

### जसपा नेपालको नयाँ सांगठनिक संरचना घोषणा

# २७९ सदस्य कार्यसमितिमा ठाकुर संरक्षक, यादव अध्यक्ष यथावत

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन जनता समाजवादी पार्टी(जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालबीच भएको एकीकरणपछि पार्टीको नयाँ तथा एकीकृत सांगठनिक संरचना घोषणा गरेको छ । अध्यक्ष उपेन्द्र यादव नेतृत्वमा गठित जसपा नेपाल २७९ सदस्यीय केन्द्रीय कार्यसमितिमा शरत्सिंह भण्डारीलाई सह-अध्यक्ष तथा डा. सुरेन्द्रकुमार झा, लालबाबु राउत र प्रकाश अधिकारीलाई महासचिवको जिम्मेवारी दिइएको छ ।



पार्टीले जारी गरेको विज्ञप्ति अनुसार लामो समयदेखि विभाजित अवस्थामा रहेका मधेश केन्द्रित दुई प्रमुख राजनीतिक शक्ति औपचारिक रूपमा एकीकृत भएपछि नयाँ केन्द्रीय कार्यसमिति गठन गरिएको छ । पार्टी विधानको धारा ८७ को उपधारा (२) बमोजिम दुवै दलका केन्द्रीय समितिलाई समायोजन गरी नयाँ संरचना तयार पारिएको जसपाले जनाएको छ ।

नयाँ संरचनालाई समावेशी बनाउने उद्देश्यले महिलाको प्रतिनिधित्व ३३ प्रतिशत र युवाको प्रतिनिधित्व ४० प्रतिशत कायम हुने गरी केन्द्रीय समितिको संख्या निर्धारण गरिएको छ । पार्टी विधानको धारा १३० अनुसार मुख्य पदाधिकारीहरूको वरियताक्रम निर्धारण गरेपछि बाँकी सदस्यहरूको नाम भने वर्णानुक्रम अर्थात् कखराका आधारमा राखिएको पार्टीले स्पष्ट पारेको छ ।

एकीकृत जसपाको नयाँ संरचनामा विगतमा पार्टीको नेतृत्व तहमा रहेका वरिष्ठ नेताहरूलाई पनि महत्वपूर्ण जिम्मेवारी दिइएको छ । जसअनुसार महन्थ ठाकुरलाई पार्टीको संरक्षक बनाइएको छ भने रकम चेम्जोङलाई वरिष्ठ नेताको जिम्मेवारी दिइएको छ ।

त्यस्तै पार्टीको नीति निर्माण तथा संगठन सञ्चालनमा नेतृत्वलाई सहयोग पुऱ्याउने उद्देश्यले सातजना उपाध्यक्ष चयन गरिएको छ । उपाध्यक्षहरुमा उमाकान्त झा, गोविन्द चौधरी, जीतेन्द्रप्रसाद सोनार, निलम वर्मा, परमेश्वर साह, राजकिशोर यादव र रेणु कुमारी यादव रहेका छन् ।

महासचिवहरूलाई सांगठनिक काममा सहयोग गर्न सातजना उपमहासचिव चयन गरिएको छ । उपमहासचिवमा जैनुल राइन, दीपक कार्की, रामप्रकाश चौधरी, रानी कुमारी तिवारी, राजकुमार राई, रेखा यादव र लिला देवी सिटौला रहेका छन् । सचिवतर्फ अर्जुन थापा, उमेश यादव, अनिलकुमार सिंह, उपेन्द्र महतो, कमरुद्दीन राई, मिना चौधरी, रामप्रवेश बैठा, लाक्पा शेर्पा, शैलेन्द्रप्रसाद साह, सुनी लामा र सुरेश मण्डललाई जिम्मेवारी दिइएको छ । त्यस्तै, सुरिताकुमारी साहलाई कोषाध्यक्ष बनाइएको छ ।

त्यस्तै जसपा नेपालले पार्टीको महत्वपूर्ण राजनीतिक तथा सांगठनिक निर्णय गर्ने तहमा कार्यकारिणी समिति पनि गठन गरेको छ । विज्ञप्ति अनुसार अशेश्वर यादव, अम्बिका काफ्ले, अनिरुद्धप्रसाद सिंह यादव र अमरकान्त झासहित २९ जना नेताहरू कार्यकारिणी समितिमा समेटिएका छन् ।

त्यसैगरी अञ्जना शेर्पा, अरविन्द दास, अरुण सिंह मण्डल धानुकलगायत २१७ जनालाई केन्द्रीय सदस्यको जिम्मेवारी दिइएको छ । यससंगै अध्यक्ष, वरिष्ठ नेतृत्व, पदाधिकारी, कार्यकारिणी समिति र केन्द्रीय सदस्यसहित २७९ सदस्यीय नयाँ केन्द्रीय संरचना तयार भएको छ ।

पार्टीले नयाँ संरचनामा देशका विभिन्न जिल्ला तथा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गरिएको दाबी गरेको छ । महिला र युवाको सहभागितालाई निश्चित प्रतिशतमा सुनिश्चित गर्नु पनि यसै उद्देश्यको हिस्सा भएको बताइएको छ ।

विगतमा एउटै राजनीतिक धारबाट आएका जसपा नेपाल र लोसपा नेपाल दुई दलबीच लामो समयसम्म नेतृत्व, संगठन र राजनीतिक रणनीतिका विषयमा तीव्र मतभेद रहँदै आएको थियो ।


तत्कालीन जसपा नेपाल र लोसपा नेपालबीच औपचारिक रूपमा एकता भएको झण्डै एक वर्षको अन्तरालपछि दुवै पक्षले संगठनात्मक संरचनालाई एकीकृत स्वरूप दिएका छन् । यसअघि दुवै दलले एकअर्काको राजनीतिक भूमिकामाथि आलोचना गर्दै आएका थिए । मधेशको मुद्दा, नेतृत्वको प्रभाव, चुनावी रणनीति तथा पार्टी संगठनमा आफ्नो पकड बलियो बनाउने विषयमा उनीहरूबीच प्रतिस्पर्धा देखिँदै आएको थियो ।

विशेषगरी २०८२ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनअघि दुवै दलका शीर्ष नेताहरूबीच सार्वजनिक रूपमा समेत आरोप-प्रत्यारोप र आलोचना हुने गरेको थियो । तर निर्वाचनमा मधेश केन्द्रित यी दलले समेत मधेशमै अपेक्षाकृत कमजोर परिणाम बेहोरेपछि राजनीतिक समीकरणमा परिवर्तनको अवस्था सिर्जना भएको देखिन्छ ।

निर्वाचन परिणामपछि मधेशको राजनीतिमा आफ्नो प्रभाव पुनःस्थापित गर्न मधेश केन्द्रित दलहरूबीच सहकार्य र एकताको आवश्यकता महसुस हुन थालेको थियो । त्यसैको परिणामस्वरूप विगतका मतभेद र विभाजनलाई पछाडि छाड्दै जसपा नेपाल र लोसपा नेपाल पुनः एउटै राजनीतिक छातामुनि आएका हुन् ।

नयाँ सांगठनिक संरचना घोषणा भएसंगै दुबै दलका सबै पुराना पदाधिकारीले भने स्थान पाउन सकेका छैनन् । तत्कालीन जसपा नेपालमा महत्वपूर्ण जिम्मेवारीमा रहेका कतिपय नेताहरू यसपटक नयाँ पदाधिकारी तथा कार्यसमितिमा अटाएका छैनन् ।

रामकुमार शर्मालगायतका केही पुराना नेताहरू नयाँ संरचनाको पदाधिकारीदेखि केन्द्रीय कार्यसमितिसम्म समेटिन नसकेको देखिएको छ । त्यस्तै, लोसपा नेपालका पनि केही प्रभावशाली तथा पुराना नेताहरू नयाँ कार्यसमितिबाट बाहिरिएका छन् ।

# थाई गाँजा तस्करीको 'ट्रान्जिट प्वाइन्ट' नेपाल

**टुडे समाचारदाता**

काठमाण्डू । थाई गाँजा तस्करीको ट्रान्जिट प्वाईन्ट काठमाडौ बन्दै गएको पछिल्लो गतिविधिले देखाएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन चेकजाँचको क्रममा दुई भारतीय नागरिक पक्राउ परेपछि घटनाको खुलासा भएको हो ।

साउन २१ मा राति बैंककबाट काठमाडौं आएका भारतीय नागरिक रशिद र मोहम्मद सब्बिर पक्राउपछि थाईल्याण्डबाट भारत गाँजा तस्करी गर्न नेपालको बाटो प्रयोग हुँदै आएको खुलासा भयो । रशिद भारतको कोलकाता निवासी हुन् । रनवेमा एयर इन्डियाको विमान ल्याण्ड भएपछि विमानस्थलमा रहेका रशिद दिल्लीबाट एयर इन्डियाको विमानमा मोहम्मद सब्बिरसँग भेटघाट गरिरहेको क्रममा पक्राउ परेका थिए ।

दुवै जना अध्यागमनको काउन्टरमा गएर आफ्नो कागजात चेक गराए, अनि बेल्टतर्फ ओर्लिए । बेल्टमा रशिदले थाइल्याण्डबाट ल्याएको सुटकेश घुमिरहेको थियो । त्यो सुटकेश निकालेर रशिदले सब्बिरलाई हस्तान्तरण गरे । सादा पोसाकका प्रहरीले उनीहरूलाई पछ्याइरहेको थियो । दुवै जना पक्राउ परे ।

थाइल्याण्डबाट आएका रशिदलाई विमानस्थलको एप्रोन क्षेत्रको बुद्धको मूर्ति भएको स्थानबाटै पछ्याइएको लागुऔषध नियन्त्रण ब्यूरोका अधिकृत बताउँछन् । सुटकेशमा उनले २ केजी ३६० ग्राम गाँजा बैंककबाट ल्याएका हुन् । गाँजा बरामद गरेर प्रहरीले दुवै जनालाई मुद्दा चलाएको छ । उनीहरू दुवै जना कोलकाता निवासी हुन् ।

बैंककबाट काठमाडौंमा ओर्लिने भारतीय नागरिकहरूमाथि प्रहरीले निगरानी बढाएसँगै थाइ गाँजा तस्करले नयाँ शैली अपनाएका हुन् । लागुऔषध नियन्त्रण ब्यूरोका एसएसपी सुबास बोहराले भने, ' भारतबाट काठमाडौं आएका यात्रुलाई शंका नगर्ने हुनाले हुनाले बेल्ट एरियामा गाँजा हस्तान्तरण गरेको अनुसन्धानबाट देखिएको छ ।'

भारतबाट आउने यात्रुहरू प्रायः मठ मन्दिर र हिमाली क्षेत्रमा घुम्न जाने हुनाले प्रहरीको निगरानीमा पर्दैनन् । गाँजा तस्करले प्रहरीलाई झुक्याउन गाँजा रिसिभ गर्न दिल्लीबाटै 'भरिया' पठाउन थालेका छन् । काठमाडौंलाई ट्रान्जिट बनाएर ओसारपसार गरिने अधिकांश थाइ गाँजा भारत लैजाने गरिएको अनुसन्धानले देखाएको छ ।



ब्यूरोका एसएसपी बोहराले भने, 'अधिकांश गाँजा भारत लैजाने गरेको देखिन्छ ।'

२०८२ साउनमा मात्रै ब्यूरोले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट ५० केजीभन्दा बढी थाइ गाँजा बरामद गरेको छ । बैंककबाट थाइ गाँजा ल्याउनेमा भारतीय नागरिक धेरैजसो संलग्न छन् । ३ वर्षअघि तस्करहरूले बैंककबाट सिधै काठमाडौंमा गाँजा ल्याउँथे ।

प्रहरीले निगरानी बढाउन थालेपछि तस्कर हरूले रुट परिवर्तन गरेर बैंककबाट मलेसियाको क्वालालाम्पुर र हङकङ हुँदै गाँजा ल्याउन थालेका छन् । नयाँ अपराध शैलीको रुपमा तस्करहरूले बैंकक र मलेसियाबाट आउने उडानको समय र भारतबाट काठमाडौं आउने उडानको समय एउटै बनाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै भेटेर गाँजा लेनदेन गर्न सुरु गरेका छन् ।

भारतबाट आउने यात्रुले गाँजा ल्याउँदैनन् । घुम्न आएको सोचेर सुरक्षाकर्मीहरूले चेकजाँच नगर्ने हुनाले तस्करहरूले त्यहाँ फाइदा उठाउन थालेका हुन् । एसएसपी बोहराले भने, 'हाम्रो आँखा छल्नका लागि कारोबारीहरूले विमानस्थलको बेल्ट एरिया र शौचालयमा गाँजाको झोला लिनेदिने गरेको भेटिएको छ ।'

बैंककबाट आउने कतिपय भरिया गाँजाको सामान विमानस्थलमै छाडेर हिँड्छन् । सामान बेल्टमा घुमिरहन्छ । कतिपयले आगमनतर्फको भन्सार एरियामा लगेज छाडेर हिँड्छन् । रिसिभर नआएपछि विमानस्थलका कर्मचारीले सो सामान 'लस्ट एण्ड फाउण्ड' सेक्सनमा लगेर राखिदिन्छन् । त्यसपछि भन्सार एजेन्टमार्फत दाबी गरेर पनि आरोपीहरूले गाँजा विमानस्थल बाहिर निकाल्ने गरेको अनुसन्धानमा संलग्न अधिकृत बताउँछन् ।

यसरी नेपाल ट्रान्जिट प्वाईन्छ

साउन २६ मा क्याथे प्यासिफकको उडानमार्फत हङकङ हुँदै दुई जना भारतीय नागरिक काठमाडौं ओर्लिए । भारतको पञ्जाव घर भएका ३६ वर्षीय सन्जिभ कुमार र २६ वर्षीय रवि कुमार बैंककबाट हङकङ ट्रान्जिट हुँदै काठमाडौं आएका थिए । उनीहरूको सुटेकश चेकजाँच गर्दा १८ केजी गाँजा भेटियो ।

प्रहरीलाई झुक्याउन उनीहरू बैंककबाट हङकङ पुगेर काठमाडौं आएको एसएसपी बोहराले बताए । उनले भने, 'बैंककबाट सिधै आउँदा निगरानीमा पर्ने भएपछि उनीहरू हङकङबाट आएको देखिन्छ ।'

भैरहवामा गाँजा रिसिभ गर्न आएका रुपन्देही घर भएका २३ वर्षीय मनोहर हरिजन र भारत बिहारका १८ वर्षीय निखिल वर्मा पक्राउ परे । प्रहरीको नियन्त्रणमा हुने कन्ट्रोल डेलिभरीबारे रिसिभरलाई थाहा हुँदैन ।

पार्सल गरेर पठाएको गाँजा भैरहवा हुँदै भारत जाने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ । एसएसपी बोहराले भने, '३ पटकसम्म लगातार एकै जनाले रिसिभ गरेर गाँजा भारततर्फ लगेको देखिन्छ ।'

ब्यूरोको सक्रियतासँगै गएको हप्तामात्रै २२ केजी थाइ गाँजा बरामद गरिएको छ । थाइ गाँजा हवाई मार्गबाट ल्याएर काठमाडौंबाट गाडीमा भारत लैजाने अपराध शैली सबैभन्दा धेरै देखिन्छ । भारतीय गाडी लिएर लगातार काठमाडौं आउनेहरूबारे ब्यूरोले निगरानी बढाएको छ ।

थाइ गाँजाको बजार मूल्य निकै महँगो मानिन्छ । अनुसन्धान अधिकृतहरूका अनुसार थाइल्याण्डको गाँजा भारत पुगेपछि प्रतिकेजी ५० लाख मूल्यमा कारोबार हुने गरेको छ । थाइल्याण्डमा ३ लाख भारतीय रुपैयाँमा गाँजा खरिद गरेर नेपाल ट्रान्जिट हुँदै भारत पुग्ने गरेको अनुसन्धानले देखाएको छ । नेपालबाट गाँजा भारतको बिहार, कलकत्ता, पञ्जाव र मिजोरममा धेरै गएको अनुसन्धानले देखाएको छ ।

तस्करहरूले काठमाडौंलाई ट्रान्जिट बनाएर स्थलमार्गबाट गाँजा ओसापसार गर्नुमा भारतीय कडा कानुनको प्रभाव रहेको अनुसन्धान अधिकृत बताउँछन् । अनुसन्धानमा संलग्न एक जना अधिकृतले भने, 'जहाजमा लैजाँदा पक्राउ पर्ने सम्भावना र भारतमा गाँजा सम्बन्धी कानुन कडा भएको हुनाले काठमाडौंबाट स्थलमार्ग हुँदै ओसापसार हुने गरेको देखिन्छ ।'

तस्करहरूले नेपाल-भारत खुला सिमानाको फाइदा उठाएका छन् । प्रहरीले अहिले कारोबारीहरूलाई लागुऔषध नियन्त्रण ऐन २०३३ अनुसार कारबाही गर्दै आएको छ ।

## विद्यालय भवनको उद्घाटन



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बलवा नगरपालिकास्थित एक विद्यालयको नवनिर्मित दुई कोठे विद्यालय भवन र तीन कोठे सामुदायिक भवन उद्घाटन गरिएको छ ।

बलवा नगरपालिका-२ बदियास्थित श्री माध्यमिक विद्यालयको नवनिर्मित दुई कोठे भवन नगरप्रमुख रामविजय महतोले उद्घाटन गरेका हुन् । विद्यालयमा कक्षाकोठाको अभावका कारण पठनपाठनमा समस्या हुँदै आएपछि नगरपालिकाको बहुवर्षीय बजेटबाट भवन निर्माण गरिएको नगरप्रमुख महतोले बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख महतोले नगर क्षेत्रका विद्यालयमा अझै पनि शिक्षक, कक्षाकोठा तथा भौतिक पूर्वाधारको अभाव रहेको बताउँदै शिक्षा क्षेत्रको सुधारलाई प्राथमिकताका साथ अघि बढाइने जानकारी दिएका छन् ।

उनका अनुसार शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाले विज्ञापन आह्वान गर्दा ३६ जनाले आवेदन दिएका थिए । तीमध्ये १६ जना मात्रै छनोट भएका छन् ।

'शिक्षकको अभाव छ । तर, विद्यालयको पठनपाठन प्रभावित हुन नदिन नगरपालिकाले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको छ,' उनले भने ।

विद्यालयका प्रधानाध्यापक मणिराम ठाकुरले विद्यालयमा १२ वटा कक्षाकोठा रहे पनि एल्बेस्टर र टिनको छाना भएका कोठामा गर्मी मौसममा विद्यार्थीलाई पठनपाठन गर्न कठिन हुने गरेको बताए । नयाँ भवन निर्माणपछि विद्यार्थी तथा शिक्षकलाई सहज हुने उनको भनाइ छ ।

प्रधानाध्यापक ठाकुरका अनुसार विद्यालयमा हाल ४५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीको संख्याको तुलनामा शिक्षक पर्याप्त नभएकाले विषयगत शिक्षकको व्यवस्था गर्न उहाँले नगरप्रमुखसँग आग्रह गरे ।

कार्यक्रममा बलवा नगरपालिका-२ का वडाध्यक्ष शशीभूषण साह, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, शिक्षा शाखा संयोजक राजकिशोर झा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधि लगायत व्यक्तिहरुको उपस्थिति थियो ।

यसैबीच, नगरप्रमुख महतोले सोही वडामा निर्माण गरिएको तीन कोठे सामुदायिक भवनको समेत उद्घाटन गरेका छन् । नगरपालिकाको बजेटबाट निर्माण भएका दुवै भवनले स्थानीयस्तरमा शैक्षिक तथा सामुदायिक गतिविधि सञ्चालनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

# मलखाद वितरणमा बदमासी गर्नेलाई कारवाही

**टुडे समाचारदाता**

रौतहट । किसानका लागि आएको मलखाद वितरणमा बदमासी गर्ने सहकारी सञ्चालकलाई कारबाहीको दायरामा ल्याउने रौतहटको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) शंकर प्रसाद आचार्यले चेतावनी दिएका छन् ।

धानबालीमा गोडमेल गरी मलखाद हाल्ने मुख्य समयमा किसानलाई उपलब्ध गराउनुपर्ने मल अन्यत्र लैजाने, असम्बन्धित व्यक्तिलाई दिने वा बढी मूल्यमा बिक्री गर्ने जस्ता गतिविधि सह्य नहुने डीएसपी आचार्यले बताएका हुन् ।

देवाही गोनाही नगरपालिका-५ टिकुलियास्थित शैल पुत्री कृषि सहकारी संस्था लिमिटेडबाट किसानका लागि आएको मल अन्यत्र लैजान खोजिएको भन्दै स्थानीयवासीले केही व्यक्तिलाई नियन्त्रणमा लिएपछि प्रहरीले घटनाबारे अनुसन्धान अघि बढाएको छ ।




शुक्रबार राति करिब १० बजे किसानलाई वितरण गर्नुपर्ने मल अन्यत्र लैजाँदै गरेको अवस्थामा स्थानीयवासीले मलसहित केही व्यक्तिलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय देवाही गोनाहीमा बुझाएका थिए । त्यसपछि आवश्यक अनुसन्धानका लागि उनीहरूलाई इलाका प्रहरी कार्यालय गरुडा पठाइएको थियो ।

डीएसपी आचार्यका अनुसार पक्राउ परेका व्यक्तिहरूलाई तत्काल जिम्मा जमानीमा छाडिएको छ। असम्बन्धित व्यक्तिलाई मलखाद दिइएको पुष्टि भएकाले कानुनबमोजिम कारबाही अघि बढाइने उनले बताए । 'किसानका लागि आएको मल किसानले नै पाउनुपर्छ। वितरणमा बदमासी गर्ने जोसुकै भए पनि उन्मुक्ति दिइँदैन,' डीएसपी आचार्यले भने ।

स्थानीयका अनुसार उक्त सहकारीका सञ्चालक सचिन्द्र शाह कानु हुन्। घटनामा राम जनम राय यादव र राजु शाहलगायतको समेत संलग्नता रहेको आरोप स्थानीयवासीले लगाएका छन्। यद्यपि, उनीहरूमाथि लगाइएको आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

स्थानीय किसानहरूले सहकारीबाट विगतमा समेत मल सहज रूपमा वितरण नभएको गुनासो गरेका छन्। उनीहरूका अनुसार मल माग्न जाँदा 'मल छैन' भन्दै फर्काउने तर आफू निकटका व्यक्तिहरूलाई भने मल उपलब्ध गराउने गरिएको आरोप छ ।

सरकारले अनुदानमा उपलब्ध गराएको मल किसानसम्म सहज र उचित मूल्यमा पुग्नुपर्ने भए पनि वितरण प्रणालीमै अनियमितता भए किसान प्रत्यक्ष रूपमा मारमा पर्ने स्थानीयवासीको भनाइ छ । धानबालीमा मल हाल्ने महत्वपूर्ण समयमा किसानहरू मलका लागि भौंतारिनुपर्ने तर किसानकै नाममा आएको मल अन्यत्र लैजाने अवस्था देखिएपछि स्थानीयमा आक्रोशसमेत बढेको छ ।

स्थानीयवासीले घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिएका व्यक्तिमाथि कानुनअनुसार कारबाही गर्न माग गरेका छन् । साथै, अनुदानको मल वास्तविक किसानसम्म पुगे-नपुगेको विषयमा सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्नुपर्ने उनीहरूको माग छ ।

# कानुन उल्लंघन गर्नेलाई कारबाहीको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका गृह सञ्चार तथा कानून मन्त्रालयले कानून उल्लंघन गर्नेलाई कारवाही गर्ने चेतावनी दिएका छन् ।

मन्त्रालयका मन्त्री फकिरा महतोले एक विज्ञप्ति जारी विभिन्न सरकारी कार्यालयहरूमा देखिने ढिलासुस्ती, गैरजिम्मेवार कार्यशैली तथा बजार र व्यावसायिक क्षेत्रमा हुने अनियमितताविरुद्ध प्रदेश सरकारले निगरानी र अनुगमनलाई तीव्र बनाएको जनाउँदै कानून उल्लंघन गर्ने कारवाही गर्ने चेतावनी दिएका हुन् ।

प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गर्दै सुशासन, पारदर्शिता, प्रभावकारी सेवा प्रवाह र नागरिकको हकहित संरक्षणप्रति सरकार पूर्ण प्रतिबद्ध रहेको जनाएको छ ।

मन्त्रालयका अनुसार सर्वसाधारणको दैनिक जीवन र स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने होटेल, रेस्टुरेन्ट, औषधि पसल, अस्पताल, विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमका साथै खाद्य तथा पेय पदार्थको उत्पादन र बिक्री-वितरण क्षेत्रको सूक्ष्म एवम् नियमित अनुगमन भइरहेको विज्ञप्तिमा भनेको छ ।

मापदण्डविपरीत संस्था वा व्यवसाय सञ्चालन गर्ने, म्याद गुज्रिएका तथा गुणस्तरहीन सामग्री बिक्री-वितरण गर्ने, कृत्रिम मूल्यवृद्धि गर्ने र सेवाग्राहीलाई ठगी गर्ने जोकोहीलाई पनि प्रचलित कानुनबमोजिम तत्काल कडा कारबाही गरिने चेतावनी विज्ञप्तिमा दिइएको छ ।

साथै, मन्त्रालयले सम्पूर्ण व्यवसायी, उद्योगी र सेवा प्रदायकहरूलाई आफ्नो पेसाप्रति नैतिक, इमानदार र जवाफदेही भई निर्धारित मूल्य र मापदण्डको पूर्ण पालना गर्न आग्रह गरेको छ । नागरिकको स्वास्थ्य, सुरक्षा र अधिकारमाथि खेलबाड गर्ने कसैलाई पनि कानुनभन्दा माथि नराखिने प्रतिबद्धता मन्त्रालयले विज्ञप्ति मार्फत व्यक्त गरेको छ ।




# रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान जग्गाको अवलोकन



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजस्थित रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि प्रस्तावित जग्गाको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले अवलोकन गरेका छन् ।

अवलोकनका क्रममा उनले प्रतिष्ठान निर्माणका लागि आवश्यक पूर्वाधार, जग्गाको अवस्था तथा आगामी प्रक्रियाबारे जानकारी लिएकी हुन् ।

मन्त्री मेहताले रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी ऐन अघि बढिसकेको जानकारी दिँदै प्रतिष्ठानलाई व्यवस्थित र प्रभावकारी रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताइन् ।

मन्त्री मेहताले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको निरीक्षण गरी अस्पतालको सेवा प्रवाह, पूर्वाधार तथा जनशक्तिको अवस्थाबारे जानकारी समेत लिइन् । उनले अस्पतालको सेवा विस्तार र सुदृढीकरणका लागि आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य सेवाहरू उपलब्ध गराउन मन्त्रालयले समन्वय गर्ने उनको भनाइ छ ।

मन्त्री मेहताले अस्पताललाई भदौ महिनाको अन्त्यसम्म हस्तान्तरण प्रक्रिया सम्पन्न गर्ने सम्बन्धित पक्षलाई अनुरोध गरेकी छिन्। अस्पताल हस्तान्तरणपछि आवश्यक चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालनसँगै सेवा विस्तारमा मन्त्रालयले सहजीकरण गर्ने उनले बताइन् ।

स्थानीय नागरिकलाई गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले संघ, प्रदेश र सम्बन्धित निकायबीच समन्वय गरी स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरिने मन्त्री मेहताले भनिन् ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन तपाईका लागि फलदायी रहनेछ । |
| वृष : | नयाँ योजना र विचारहरु मनमा आउने छन् । |
| मिथुन : | पारिवारिक विषयलाई लिएर केही चिन्ता वा तनाव हुन सक्छ । |
| कर्कट : | आत्मबल र साहस बढ्नेछ । |
| सिंह : | बोलीको प्रभाव बढ्नेछ, जसका कारण बिग्रिन लागेका कामहरु पनि सम्हालिनेछन् । |
| कन्या : | मनमा नयाँ उत्साह र उर्जा थपिनेछ । |
| तुला : | अनावश्यक खर्च र भागदौड बढ्न सक्छ। |
| वृश्चिक : | आजको दिन अति नै शुभ र फलदायी छ । |
| धनु : | कर्मक्षेत्रमा सफलता र जस मिल्नेछ । |
| मकर : | धार्मिक आध्यात्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । |
| कुम्भः | काममा अप्रत्यासित अवरोध वा ढिलाइ हुन सक्छ । |
| मीनः | साझेदारीका कामहरुमा विशेष सफलता र लाभ मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | होटल रामा | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मनसुन सक्रिय, पाँच प्रदेशका पहाडी भेगमा भारी वर्षाको सम्भावना



काठमाण्डु । देशभर आज मनसुनी वायुको प्रभाव रहेको छ। मनसुनको न्यून चापीय रेखा पूर्वतर्फ सरदर स्थानको आसपास तथा पश्चिमतर्फ सरदर स्थानभन्दा उत्तरमा नेपाल नजिक रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

अहिले देशभर साधारणतया बादल लागेको छ । बागमती र गण्डकी प्रदेशका धेरै, लुम्बिनी र कर्णाली प्रदेशका केही तथा कोशी प्रदेशका पहाडी भागका एकदुई स्थानमा मध्यम वर्षा भइरहेको छ । गण्डकी प्रदेशका एकदुई स्थानमा पनि भारी वर्षा भइरहेको छ।

महाशाखाका अनुसार आज दिउँसो देशभर साधारणतया बदली रहनेछ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भागका धेरै तथा कोशी र बागमती प्रदेशका हिमाली तथा पहाडी भेगका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका धेरै, बागमती र गण्डकी प्रदेशका तराई क्षेत्रका केही तथा मधेस र कोशी प्रदेशका तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभाग तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ।

आज राति पनि देशभर साधारणतया बदली रहनेछ । देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका धेरै तथा कोशी र बागमती प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुन सक्नेछ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका धेरै, बागमती र गण्डकी प्रदेशका तराई भागका केही स्थानमा तथा मधेस र कोशी प्रदेशका तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भेग तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका एकदुई स्थानमा भारी वर्षा हुने सम्भावना छ।

सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका एकदुई स्थानमा भने धेरै भारी वर्षासमेत हुनसक्ने महाशाखाले जनाएको छ।

बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले ती क्षेत्रमा गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयको जोखिम हुनसक्ने महाशाखाले जनाएको छ।

वर्षाका कारण दैनिक जनजीवनका साथै कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा समेत असर पर्नसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन तथा महाशाखाबाट जारी हुने सूचनामा अद्यावधिक भइरहन अनुरोध गरिएको छ। रासस

# नगर अस्पतालमै शल्यक्रियाबाट प्रसूति सेवापछि सेवाग्राही आकर्षित




सर्लाही । शल्यक्रिया सुविधासहितको प्रसूति सेवाले सर्लाहीको बरहथवा नगर अस्पतालमा बिरामीको चाप बढेको छ । स्थानीयस्तरमै विशेषज्ञ चिकित्सकसहित सेवा सुरु भएसँगै अस्पताल पुगेर सुत्केरी गराउनेको संख्यामा वृद्धि भएको हो।

सङ्घीय सरकारको एक नगरपालिका एक सुविधासम्पन्न अस्पतालको योजनाअनुसार बरहथवा नगर अस्पताल भवन निर्माण भएको हो । उक्त अस्पतालमा नगरपालिकाले आवश्यक उपकरण र विशेषज्ञ चिकित्सकसहितको सेवा प्रारम्भ गरेको छ । आफ्नै गाउँठाउँमा यतिको सुविधा पाउँदा खुसी लागेको बरहथवा नगरपालिका-३ हजरियाका जितेन्द्र सहनीले बताउनुभयो। श्रीमतीको बर्थिङका लागि नगर अस्पताल पुग्नुभएका उहाँले विगतमा यही सेवाका लागि वीरगन्ज तथा जनकपुरका महँगो अस्पताल धाउनुपरेको अनुभव सुनाउनुभयो।

"पहिला स्थानीय स्वास्थ्य संस्था भद्रगोल थियो", उहाँले भन्नुभयो, "सामान्य ज्वरो रुघाखोकीको औषधि पाउन मुस्किल थियो, अहिले धेरै परिवर्तन भएको छ।"

राज्यले ठूलो लगानी गरेर सञ्चालन गरेको सरकारी स्वामित्वका स्वास्थ्य संस्था अस्तव्यस्त हुने गरेका स्थानीय मनोज पण्डितले बताउनुभयो । "विपन्न नागरिकले ऋण गरेर निजी क्लिनिकबाट महँगो सेवा लिनुपर्ने बाध्यता विगतमा व्याप्त थियो, अहिले नागरिक सचेत भएका छन् । तीनै तहका सरकार थोरै भए पनि नागरिकप्रति जिम्मेवार भएको महसुस गरेको छु", उहाँले भन्नुभयो।

पण्डित छोरीलाई निकै दिनदेखि लगातार ज्वरो आएपछि परीक्षणका लागि नगर अस्पताल आइपुग्नुभएको थियो । 'कोर' मधेसका पायक स्थानमा रहेको यहाँ विगतमा सामान्य बर्थिङ सेन्टरमात्र सञ्चालनमा थियो । सुत्केरीका लागि आउने बिरामीलाई असामान्य अवस्था हुनेबित्तिकै अन्यत्र रेफर गरिदिने गरिन्थ्यो । यसले गर्दा बिरामीका आफन्त ठूलो खर्चको चपेटामा पर्ने गर्थे।

खर्च अभावमा गर्भवतीको ज्यान दाउमा राखेर घरै लगेरसमेत सुत्केरी गराउने गरेका बागमती नगरपालिका-८ शङ्करपुरकी सङ्गीता कुशवाहाले सुनाउनुभयो । गत माघबाट नगर अस्पतालले एकजना स्त्री, प्रसूति तथा निसन्तान रोग विशेषज्ञ चिकित्सक नियुक्ति गरेर गुणस्तरीय सेवा प्रवाह गरिरहेको हो । माघयताको तथ्याङ्क हेर्ने हो भने एक हजार २७३ जनाले प्रसूति सेवा लिइसकेका छन् । त्यसमध्ये ११९ जनालाई शल्यक्रिया (सिएस) विधिबाट सुत्केरी गराइएको छ।

बाँकीको 'नर्मल डेलिभरी' भएको हो। नेपालले २०३० सम्म 'होमडेलिभरी' शून्यमा झार्ने लक्ष्य राखेको छ भने मातृ र शिशु मृत्युदरसमेत नगन्य बनाउने योजनासहित स्वास्थ्य कार्यक्रम बनाएको छ । तर यसको कार्यान्वयनमा चुनौती रहेको चिकित्सकहरू बताउनुहुन्छ। अझै धेरै ठाउँमा प्रसूति अवस्थालाई सामान्य मान्ने र लापरवाही गर्ने प्रचलन छ। अर्कातर्फ यस सेवामा बिरामीको पहुँच अझै सहज हुन नसकेको डा लिमुकुमारी साहले स्वीकार गर्नुभयो।

आफूहरूले सेवा लिन आउने बिरामीलाई जतिसक्दो सहज र सरल रूपमा सेवा प्रवाह गरिरहेको उहाँको भनाइ छ । यस अस्पतालबाट शल्यक्रियासहितको सुविधा निःशुल्क वितरण भएपछि बिरामीको विश्वास र चाप बढ्दै गएको उहाँले बताउनुभयो। अत्य आवश्यक अवस्थाबाहेक रेफर नहुने यहीँबाट सेवा पाइने भएकाले पनि बिरामीका आफन्तसमेत अस्पताल र सेवाप्रति सकारात्मक पाइएको उहाँले सुनाउनुभयो।

सामान्य स्वास्थ्यचौकी र स्वास्थ्यकर्मीका भरोसामा रहेका 'बर्थिङ सेन्टर'बाहेक अन्य भरपर्दो अस्पताल यस क्षेत्रमा छैन । यहाँ बरहथवासहित बागमती, बसबरिया, धन्कौल, रामनगर, बलरा, गोडैता, हरिपुर, चक्रघट्टलगायत स्थानबाट पनि प्रसूति सेवा लिने बिरामी आइपुग्ने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सरोजरोशन दासले बताउनुभयो । अस्पतालले दिने निःशुल्क प्रसूति सेवा तथा औषधोपचारका कारण सेवाग्राहीको चाप बढेको उहाँ बताउनुहुन्छ।

मधेस प्रदेश सरकारको तर्फबाट प्राप्त जनस्वास्थ्य प्रयोगशालाबाट सहुलियतपूर्ण ल्याब परीक्षण सेवा प्रवाह भएकाले पनि नागरिकको आकर्षण बढेको उनीहरूको प्रतिक्रिया छ। यस नगर अस्पतालमा निःशुल्क आँखा उपचार सेवा, प्रसूतिलगायत जनरल फिजिसियन सेवा, ओपिडी र इमर्जेन्सी सेवासमेत प्रवाह गरिरहेको डा दासले बताउनुभयो। अस्पतालको सेवा सकेसम्म चुस्तदुरुस्त राखिएको उहाँको दाबी छ। रासस

## साइकल यात्राका माध्यमबाट गोरक्षतालको प्रवर्द्धन गर्दै

बागमती । हिमालयन राइडर्स सोसाइटी हेटौँडाले हेटौँडा उपमहानगरपालिका-१८ स्थित गोरक्षतालको प्रवर्द्धन गर्ने उद्देश्यले अभियान सुरु गरेको छ। पर्यटकीय सम्भावना रहेर पनि अपेक्षित प्रचारप्रसार हुन नसकेको गोरक्षतालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आज साइक्लिङ आयोजना गरेको हो।

साइक्लिङका माध्यमबाट हेटौँडासहित देशका विभिन्न पर्यटकीय सम्भावना बोकेका गन्तव्यको प्रवर्द्धन गरिरहेको सोसाइटीले गोरक्षतालको प्रचारप्रसार गर्र्ने उद्देश्यले आज साइक्लिङको आयोजना गरिएको सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिनुभयो। हेटौँडा बजारबाट चतरा जाने मुख्य सडक हुँदै करिब २० किलोमिटर पूर्वमा यो ताल अवस्थित छ।

सुरुमा यहाँ सानो खोल्सोबाट पानी बग्ने गरेकामा २०६० सालमा स्थानीयवासीको पहल तथा जिल्ला विकास समितिको सहयोगमा हरना फाँटमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले बाँध निर्माण गरी पानी जम्मा गरिएपछि यो ताल निर्माण भएको हो। विसं २०७० मा यस क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यका साथ गोरक्षताल संरक्षण समिति गठन गर्दै यहाँको पर्यटकीय विकासको पहल थालिएको थियो।रासस

# 'व्यावसायिक गतिविधि बढाउन र अर्थतन्त्रलाई चलायमान निजी क्षेत्रलाई प्रोत्साहन आवश्यक'




ललितपुर। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष एवं ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले व्यवसायिक गतिविधि बढाउन र अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक भएको बताउनुभएको छ।

नेपाल-कोरिया उद्यमी व्यवसायी सङ्घको आयोजनामा आइतबार ललितपुरमा भएको 'नेपाल-कोरिया व्यवसायिक अन्तरक्रिया कार्यक्रम'लाई सम्बोधन गर्दै पूर्वअध्यक्ष ढकालले नेपालमा जुनसुकै क्षेत्रमा पनि लगानी गरेर उपलब्धि हासिल गर्न सकिने सम्भावना रहेको उल्लेख गर्दै सीप, प्रविधि र जाँगरलाई प्रोत्साहन गर्न व्यवसायिक गतिविधिलाई प्रोत्साहन गर्नुपर्ने बताउनुभयो।

"कोरियाले छोटो समयमा विश्वकै शक्तिशाली अर्थतन्त्र निर्माण गर्न सक्नुको कारण कामप्रतिको लगाव, इमानदारी, नैतिकता, समयको परिपालन नै हो, जति धेरै निजी क्षेत्रलाई प्रोत्साहन गर्छौं, त्यति धेरै रोजगारी र राजश्व सङ्कलन हुन्छ, उत्पादनमा होस् वा नवप्रवर्तन र उद्यमशीलता विकासमा होस्, हरेक कुरालाई प्रवर्द्धन गर्न बाँकी छ, विदेश जानुपर्ने अवस्था अन्त्य गर्न यहाँ रोजगारी सृजना गर्नु आवश्यक छ", पूर्वअध्यक्ष ढकालले भन्नुभयो।

नेपालमा नकारात्मक भाष्य मात्रै निर्माण भइरहेको अवस्थामा नेपाल उद्योग वाणिज्य महासङ्घमार्फत सम्भावना र सकरात्मक सन्देश दिन प्रयत्न गरेको उहाँले बताउनुभयो । नेपाल-कोरिया उद्यमी व्यवसायी सङ्घले नेपाल र कोरियाबीचको आर्थिक गतिविधि बढाउन पुलको रुपमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क तेयोङले यस किसिमको अन्तरक्रियाले कोरियाली सीपमार्फत रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास, राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउन महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राख्नुभयो । उहाँले कोरिया र नेपालबीच सम्बन्ध सुमधुर रहेको उल्लेख गर्दै कोरियाली कम्पनीहरु नेपालमा दक्ष जनशक्तिको विकासका लागि सूचना प्रविधिको क्षेत्रमा लगानी गर्न इच्छुक रहेको धारणा राख्नुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यसमिति सदस्य एवं रोजगार परिषद्का उपाध्यक्ष बाबुकाजी कार्कीले नेपालमा दुई तिहाईको नजिकैको बहुमत प्राप्त सरकार रहेकाले उद्यमशीलता, रोजगारी प्रवर्द्धनका क्षेत्रमा स्थायित्वका साथै प्रभावकारी नीतिगत व्यवस्था गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले राष्ट्रिय रोजगारीमा ८६ प्रतिशत र अर्थतन्त्रमा ८१ प्रतिशत योगदान रहेको बताउँदै सरकारले यसका लागि आवश्यक सुधार गर्दै विश्वसनीय वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल-कोरिया उद्यमी व्यवसायी सङ्घका वरिष्ठ उपाध्यक्ष विकी श्रेष्ठले नेपाल कोरियाबीचको सम्बन्ध श्रम सम्बन्धको मात्रै नभइ अनुभव आदानप्रदान र व्यवसाय तथा व्यापारिक साझेदारीसमेत भएको बताउनुभयो।

नेपाल-कोरिया उद्यमी व्यवसायी सङ्घका महासचिव जीतेन्द्र बानियाँले कोरियाबाट फर्किएका नेपालीको सीप, अनुभव र पुँजीलाई नेपालको उत्पादन तथा रोजगारीमा रूपान्तरण गर्दै नेपाल र कोरियामा रहेका उद्यमी, व्यवसायी तथा लगानीकर्तालाई एउटै सञ्जालमा आबद्ध गराउने सङ्घको मुख्य ध्येय रहेको जानकारी गराउनुभयो। उहाँले कोरियाली प्रविधि र उत्पादनलाई नेपालमा भित्र्याउन र कोरियाबाट आधुनिक औद्योगिक सीप, संस्कृति, प्राविधिक ज्ञान, र पुँजी आर्जन सहित नेपाल फर्किएका 'रिटर्नी' मा रहेको उद्यमशीलता तथा आर्थिक रूपान्तरणको महत्त्वपूर्ण सम्भावना बोकेका मानव पूँजीलाई नेपालमा उत्पादन, रोजगारीमा प्रोत्साहित गरि व्यवहारमा कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो।

नेपाल र दक्षिण कोरियाबीचको आर्थिक, व्यावसायिक तथा उद्यमशील सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले आयोजना गरिएको 'नेपाल-कोरिया व्यावसायिक अवसर, चुनौती र रिटर्नी उद्यमीको भूमिका' विषयक कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू, सफल रिटर्नी उद्यमी, व्यवसायी, शिक्षाविद्लगायतको सहभागिता रहेको थियो। रासस

# लघुवित्त पिडीतहरुको आन्दोलन स्थगित




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारसँगको सहमतिपछि लघुवित्त पिडित आन्दोलनकर्मीले आन्दोलन स्थगित गरेका छन्।

लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान मजदुर आन्दोलन समितिबीच विभिन्न मागहरूमा नेपाल सरकारसँग सहमति जुटेसँगै राजधानी काठमाण्डू केन्द्रित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू स्थगित गरिएको छ।

आइतबार काठमाडौंमा एक पत्रकार सम्मेलनको आयोजना गर्दै समितिका अध्यक्ष रमेश सेञ्चुरीले सरकारसँग सात बुँदे महत्वपूर्ण सहमति भएको जानकारी दिँदै पीडितको नाममा व्यक्तिगत स्वार्थ सिद्ध गर्न खोज्ने प्रवृत्तिविरुद्ध आफ्नो संगठन उभिएको बताएका छन्।

सहमति पत्रअनुसार समस्यामा परेका ऋणीहरूको पुनरुत्थानका लागि विशेष पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने, कालोसूची र धितो लिलामीसम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा कर्जा मिनाहासम्बन्धी मागमा यथार्थ तथ्यांक विश्लेषण गरी कार्यान्वयनयोग्य विकल्पसहितको प्रतिवेदन तयार पार्न उच्चस्तरीय लघुवित्त वित्तीय संस्था समस्या समाधान समिति गठन गरिने भएको छ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा टोल फ्री हटलाइनसहित गुनासो सुनुवाइको प्रभावकारी व्यवस्था मिलाउने तथा ऋण असुलीका नाममा संस्थाका कर्मचारीहरूले गर्ने यातना, धरपकड वा घरका जिन्सी सामान उठाएर लैजानेजस्ता गैरकानूनी गतिविधिहरू भएमा पीडितले सिधै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने विशेष व्यवस्था गर्नेलगायतका बुँदाहरू सहमतिमा समेटिएका छन्।

## स्वास्थ्य बीमा सेवा अब अनलाईनबाटै

**टुडे समाचारदाता**

काठमाडौं। स्वास्थ्य बीमा कार्यक्रममा नयाँ आवद्धता, नवीकरण र केवाईसी अपडेट गर्ने कार्यका लागि अनलाइन प्रणाली स्वास्थ्य बीमा बोर्डले सुरु गरेको छ। बोर्डले शुक्रबारदेखि औपचारिक रूपमा भउयचतबी जष्दानयखालउ मार्फत यी सेवा प्रदान गर्न थालेको हो।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको उपस्थितिमा गत २२ साउन मा प्रणालीको अन्तिम तयारी र कार्यान्वयन सम्बन्धी कार्य सम्पन्न गरिएको थियो। बोर्डका अनुसार 'विद्युतीय माध्यमबाट स्वास्थ्य बीमामा आवद्धता तथा बीमालेख नवीकरण सम्बन्धी कार्यविधि, २०८३' बमोजिम यो प्रणाली कार्यान्वयनमा ल्याइएको हो।

सो प्रणालीलाई राष्ट्रिय परिचयपत्रसँग अन्तरआबद्ध गरिएको छ। राष्ट्रिय परिचयपत्र नभएका परिवारका सदस्यले भने म्यानुअल रूपमा विवरण डिजिटल प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। बीमा शुल्क (प्रिमियम) भुक्तानीका लागि इसेवा, खल्ती र कनेक्ट आईपीएसको प्रयोग गर्न सकिने विज्ञप्तिमा उल्लेख छ।

नयाँ व्यवस्था अनुसार अब व्यक्ति आफैं वा दर्ता सहयोगीले अनलाइनबाटै परिवारलाई बीमामा आवद्ध गर्न र नवीकरण गर्न सक्नेछन्। यसअघि नै बीमा गराइसकेका परिवारले परिवारमूलीको बीमा नम्बर प्रयोग गरी विवरण अद्यावधिक गर्न सक्नेछन्।

# नागदहमा नागपञ्चमी मेलाको तयारी पूरा



ललितपुर। हरेक वर्षको साउन शुक्ल पञ्चमी (नागपञ्चमी) का दिन ललितपुरको धापाखेलस्थित नागदहमा लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको छ । यस वर्ष सोमबार लाग्ने नागपञ्चमीको प्रचारप्रसार, सुरक्षा, सरसफाइ, गङ्गा आरती, पूजा, बजार व्यवस्थापनलगायत तयारी पूरा भएको हो।

ललितपुर महानगरपालिका-२४ का वडाध्यक्ष एवं नागदह विकास तथा संरक्षण समितिका अध्यक्ष दिनेशजङ्ग पाण्डेका अनुसार धापाखेलस्थित नागदहमा सोमबार लाग्ने नागपञ्चमी मेलाको सुरक्षा, सरसफाइ, गङ्गा आरतीलगायत तयारी पूरा भएको हो।

"परापूर्वकालदेखि श्रावण शुक्ल पञ्चमीका दिन यहाँ मेला लाग्ने परम्परा रहिआएको छ । वासुकी नागको बासस्थान रहेको नागदहमा लाग्ने मेला भव्य रूपमा सम्पन्न गर्न हामी तयारीमा जुटेका छौँ", वडाध्यक्ष पाण्डेले भन्नुभयो। मेलाका दिन (सोमबार) बिहान ४:०० बजेदेखि भक्तजनलाई दर्शनको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।

वडाध्यक्ष पाण्डेका अनुसार यस वर्षको नागपञ्चमी मेलालाई थप व्यवस्थित, स्वच्छ र भव्य बनाउन प्रचारप्रसार, सुरक्षा, सरसफाइ, गङ्गा आरती, पूजा, बजार व्यवस्थापनलगायत ११ वटा विषयगत उपसमितिहरू गठन गरी जिम्मेवारी बाँडफाँड गरिएको छ । विभिन्न क्षेत्रका सुरक्षाकर्मी, विद्यालयका स्काउट, समाजसेवीलाई लाइन व्यवस्थापनको लागि खटाइने तयारी भएको उहाँले बताउनुभयो।

स्वास्थ्य उपचारका लागि धापाखेल हेल्थपोस्ट, रेडक्रस र सुमेरु अस्पतालसँगको सहकार्यमा एम्बुलेन्स तयारी अवस्थामा राख्नुका साथै प्राथमिक उपचारको व्यवस्था गरिएको छ । वडाध्यक्ष पाण्डेका अनुसार पूजारी शिव गिरीको घरबाट सोमबार बिहान बहुमूल्य गरगहनासहित पित्तलको नागको प्रतिमा नागदहमा ल्याइन्छ र पूजा गरिन्छ।

दिनभरी पूजा गरिएको प्रतिमालाई राति बाजागाजासहितको टोलीले फेरि पुजारीकै घरमा लगेर राखिदिने परम्परा रहेको उहाँले बताउनुभयो । "नाग भगवान्लाई रिझाएर खुसी पारेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वासअनुसार यहाँ नागपञ्चमीका दिन वासुकी नागको विशेष पूजाआराधना हुन्छ", वडाध्यक्ष पाण्डे भन्नुभयो।

नागको पूजा गर्दा घरमा सुखशान्ति मिल्ने, अन्नबाली सप्रने र छालाको रोग निको हुने जनविश्वास रहेको उहाँले बताउनुभयो। "नागपञ्चमीमा नागदहमा आएर नागको दर्शनसँगै स्नान गरेमा घरमा सुखशान्ति मिल्ने, अन्नबाली सप्रने र छालासम्बन्धी रोग निको हुने जनविश्वास छ", वडाध्यक्ष पाण्डेले भन्नुभयो।

नागपञ्चमीका अवसरमा लाग्ने मेला भर्न उपत्यका र आसपासका जिल्लाबाट भक्तजन आएर नागदहमा स्नान गर्नुका साथै विभिन्न भाकल राखेर नागको मन्दिरमा पूजा गर्ने तथा दर्शन गर्ने चलन रहिआएको छ। मेलामा ललितपुरका धापाखेल, झरुवाराशी, चापागाउँ, ठैव, हरिसिद्धी, लुभु, लेले, गोदावरी, छम्पी, सातदोबाटोलगायत क्षेत्रका स्थानीय र भक्तजनको घुइँचो लाग्ने वडाध्यक्ष पाण्डेले जानकारी दिनुभयो।

करिब ५२ रोपनी क्षेत्रफलमा फैलिएको प्राकृतिक नागदहको गहिराइ समग्रमा २५ फिट भए पनि मध्यभागमा ४१ फिट रहेको छ। दहको चौडाइ ९३७ मिटर रहेको समितिले जनाएको छ । प्राचीन तालका रूपमा परिचित यो पोखरीको धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ। काठमाडौँको पानी चोभार गल्छीबाट पठाइएपछि यो स्वतः निर्मित दह बनेको हो । त्यसबेला उपत्यकाका नागले यहाँ बसोबास गरेका भन्दै नागको पूजाआजा हुन थालेको जनविश्वास रहिआएको छ।

आदिकालमा काठमाडौँ उपत्यकाका तीन सहर जलमय भइरहेका बेलामा मञ्जुश्रीले चोभार र बाँडेगाउँको पहाडलाई तान्त्रिक विधिबाट छेदन गरी पानी बाहिर पठाएको किंवदन्ती रहेको वडाध्यक्ष पाण्डेले बताउनुभयो। "त्यसरी पानी बाहिर पठाउँदा नागराजा पनि बाहिर जाने भएकाले दह बनाएर नागराजालाई राखिएको र त्यही दह धापाखेलस्थित नागदह बनेको जनविश्वास छ", उहाँले भन्नुभयो।

नागदह धार्मिक एवं सांस्कृतिक क्षेत्र मात्र होइन। रासस


## पश्चिम नेपालका पहिरो प्रभावित क्षेत्रमा भौगर्भिक अध्ययन गरिने

काठमाण्डु । सरकारले पश्चिम नेपालका पहिरो प्रभावित क्षेत्रमा भौगर्भिक अध्ययन गर्ने भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आज बसेको मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठकले रोल्पाको थवाङ र सुनछहारी गाउँपालिका, बाजुराको त्रिवेणी नगरपालिका र जाजरकोटको भेरी नगरपालिकाका पहिरो प्रभावित क्षेत्रको प्रारम्भिक भौगर्भिक अध्ययन गर्ने निर्णय गरेको हो।

कमाण्ड पोष्टले प्राधिकरणको नेतृत्वमा सम्बन्धित निकायका प्रतिनिधि सहभागी अध्ययन टोली तीन दिनभित्र कार्यस्थलमा खटाउने निर्णय गरेको छ । उक्त टोलीमा जल तथा मौसम विज्ञान विभागका प्रतिनिधिसमेत सहभागी हुनेछन्।

मनसुनजन्य विपद्का कारण विभिन्न जिल्लामा जनधनको क्षति बढिरहेका बेला मनसुन प्रतिकार्य कमाण्ड पोष्टले खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कामलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिइएको प्राधिकरणले जनाएको छ। ती जिल्लामा पहिरोबाट भएको क्षतिप्रति गम्भीर चासो व्यक्त गर्दै प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउन र उद्धार कार्यलाई तीव्रता दिन आग्रह गरिएको छ।

बैठकले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार प्रारम्भिक द्रुत लेखाजोखाका आधारमा प्रभावित परिवारलाई नगद वा वस्तुगत राहत, मृतक राहत तथा घाइतेको निःशुल्क उपचार उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहलाई अनुरोध गरेको छ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कांग्रेसमा सुलह आवश्यक

सतहमा विभाजन भइसकेको नेपाली कांग्रेस कानुनी रुपमा अलग भइसकेको छैन । चारतारे झण्डा र रुख चुनाव चिन्हको विकल्प इतर पक्षले समेत सार्वजनिक गरेको अवस्था छैन । देशमा राजनीतिक स्थिरता दिन सक्ने सरकार छ । तर लोकतान्त्रिक पद्धतिलाई कमजोर बनाउने तत्वहरु सक्रिय छन् । जाति, धर्मलगायतको नाममा नेपालमा अस्थिरता चाहने देशी विदेशी शक्तिहरुलाई कमजोर बनाउन देशमा लोकतान्त्रिक शक्तिहरुबीच एकता र सहकार्य आवश्यक छ । नेपाली कांग्रेस नेपालको सबै भन्दा जेठो लोकतान्त्रिक दल हो । लोकतन्त्रका लागि चरम यातना भोगेका नेताहरु कांग्रेसमा अझै सक्रिय छन् । युवा पुस्ताको ठूलो जमात छ । देशलाई समृद्ध बनाउने क्षमतावान् युवाहरु कांग्रेसमा अझै छन् । हुन त कतिपय युवाहरुले कांग्रेस परित्याग गरी वर्तमान सरकारमा सहभागी छन् । कतिपय कांग्रेस बाहेकको दलबाट सांसद छन् । तर अझै पनि कांग्रेस पार्टीमा प्रचुर क्षमता भएका युवाहरु छन् । पहिलो र दोस्रो पुस्ताबीच द्वन्द्व नगरी एउटाले सम्मान सहितको अभिभावकत्व र अर्को संगठन निर्माणमा क्रियाशील हुनुपर्छ । कांग्रेसको इतर पक्षका नेताहरुमा लामो समय पार्टीको सभापति, उपसभापति, महामन्त्रीलगायतका पदमा रहेर काम गरिसकेको अनुभव छ । देशको प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीलगायतका सरकारी जिम्मेवारीहरु निर्वाह गरेको उनीहरु अनुभवी छन् । देशमा अहिले कांग्रेस विभाजित हुँदा दल र नेतालाई मात्र नभइ समग्रमा लोकतान्त्रिक व्यवस्था र देशलाई भारी क्षति हुनेछ । लोकतान्त्रिक दलले शासन गरिरहेको अवस्थामा त्यसको विकल्प पनि लोकतान्त्रिक दल नै हुनुपर्छ । कांग्रेस पार्टीको इतर पक्षका लागि अब सरकारी अथवा पार्टीगत पदको भन्दा सम्मानपूर्वक अभिभावक भएर निगरानी गर्नु आवश्यक छ। कांग्रेस पार्टीप्रतिको घट्दो जनआस्थाको कारण नेताहरु नै हुन् । नेपाली कांग्रेस र जनताबीचको सम्बन्ध धेरै टाढिसकिएको छ। नेता र मतदाताबीचको फराकिलो दूरीलाई घटाउन कांग्रेस पार्टी एकजुट हुन नसके पतन धेरै टाढा छैन । कांग्रेस पार्टी अझै पनि जनभावनालाई जित्न सक्ने सम्भावना छ। कांग्रेस एकीकृत भए फेरी ठूलो दलको रुपमा फर्किन सक्छ। झण्डै दुई तिहाइ बहुमतमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) लाई पुऱ्याउन प्रमुख रुपमा दुई नेता प्रधानमन्त्री बालेन्द्र साह(बालेन) र अध्यक्ष रवि लामिछाने हुन् । दुई जनाबीचको तालमेलले देशमा आमूल परिवर्तन गर्न सक्ने दलको हैसियतमा रास्वपा पुगेको छ ।त्यो स्थिति कांग्रेसका लागिपनि भविष्यमा आउन सक्छ । त्यसका लागि नेतृत्वमा समझदारी आवश्यक छ । पुराना दलप्रतिको वितृष्णाको कारण रुख छाप र चारतारे झण्डा होइन । त्यो बोकेर जनभावना विपरीत कार्य गर्ने सत्तासीन नेताहरु हुन् । ठूला नेताहरुले विगतको आफ्ना कमजोरीहरुलाई केलाउन आवश्यक छ। समग्रमा कांग्रेस पार्टी एकजुट भए देशको हित हुनेछ ।

### चिकित्सा शिक्षा :

# राज्य सहायक बन्नु पर्छ बाधक होइन



रामप्रसाद पौडेल

स्वास्थ्य कुनै पनि राष्ट्रको समृद्धिको आधार हो । स्वस्थ नागरिकबिना आर्थिक विकास, सामाजिक रूपान्तरण र दिगो समृद्धिको परिकल्पना गर्न सकिँदैन । नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आधुनिक अस्पताल, अत्याधुनिक उपकरण वा नयाँ प्रविधि मात्र पर्याप्त हुँदैन । त्यसका लागि दक्ष चिकित्सक, नर्स, फार्मासिस्ट, मेडिकल ल्याब टेक्नोलोजिस्ट, रेडियोग्राफर तथा अन्य स्वास्थ्यकर्मीको पर्याप्त उत्पादन अपरिहार्य हुन्छ । यस्ता जनशक्ति उत्पादन गर्ने मुख्य आधार चिकित्सा शिक्षा हो ।

त्यसैले चिकित्सा शिक्षाको पहुँच, गुणस्तर र नीतिगत व्यवस्थामाथिको बहस आज राष्ट्रिय बहसको विषय बनेको छ । नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ । चिकित्सा शिक्षा ऐन, २०७५ र चिकित्सा शिक्षा आयोगको उद्देश्य गुणस्तरीय चिकित्सा शिक्षा, समान पहुँच र दक्ष स्वास्थ्य जनशक्ति उत्पादनलाई प्रवर्द्धन गर्नु हो । तर व्यवहारमा सीमित सिट, उच्च शुल्क, सम्बन्धन प्रक्रियाको जटिलता र काठमाडौँ केन्द्रित अवसरका कारण चिकित्सा शिक्षा अझै सबैका लागि समान रूपमा सुलभ बन्न सकेको छैन ।

देशभर सञ्चालनमा रहेका धेरै १०० शय्याका अस्पतालले आवश्यक पूर्वाधार, विशेषज्ञ चिकित्सक, प्रयोगशाला, पुस्तकालय, क्लिनिकल अभ्यास तथा नियमित बिरामी चापको व्यवस्था गरिसकेका छन् । यस्ता अस्पतालले चिकित्सा शिक्षा आयोग र सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेका सबै मापदण्ड पूरा गरेका छन् भने तिनलाई बीएस्सी नर्सिङ तथा पीसीएल नर्सिङ कार्यक्रम सञ्चालनका लागि सम्बन्धन दिने विषयमा नीतिगत सुधार आवश्यक देखिन्छ ।

सम्बन्धनको आधार संस्थाको क्षमता र गुणस्तर हुनुपर्छ, अनावश्यक प्रशासनिक जटिलता होइन । यसको अर्थ गुणस्तरमा सम्झौता गर्नु होइन । सम्बन्धनपछि नियमित अनुगमन, शिक्षक-विद्यार्थी अनुपात, क्लिनिकल अभ्यास, अनुसन्धान, परीक्षा प्रणाली र अस्पतालको सेवा स्तरको कडा मूल्याङ्कन गरिनुपर्छ । मापदण्ड उल्लङ्घन गर्ने संस्थामाथि कडा कारबाही हुनुपर्छ ।

बीएस्सी नर्सिङले नेतृत्वदायी तथा विशेषज्ञ नर्सिङ जनशक्ति उत्पादन गर्छ भने पीसीएल नर्सिङले आधारभूत स्वास्थ्य सेवाको मेरुदण्डका रूपमा काम गर्ने जनशक्ति तयार गर्छ। त्यसैले यी दुवै कार्यक्रमलाई परिपूरक रूपमा विकास गर्दै प्रदेशस्तरमा विस्तार गर्नु आवश्यक छ । यसले विद्यार्थीलाई आफ्नै क्षेत्रमा अध्ययन गर्ने अवसर, आर्थिक भारमा कमी र स्थानीय स्वास्थ्य संस्थालाई दक्ष जनशक्ति उपलब्ध गराउन मद्दत गर्नेछ ।

चिकित्सा शिक्षामा अध्ययन शुल्क पनि पारदर्शी र न्यायोचित हुनुपर्छ । आर्थिक रूपमा कमजोर तर प्रतिभाशाली विद्यार्थीका लागि छात्रवृत्ति र सहुलियतपूर्ण शैक्षिक ऋणको व्यवस्था विस्तार गर्न आवश्यक छ। अन्ततः चिकित्सा शिक्षा कुनै सीमित वर्गको विशेषाधिकार होइन । आवश्यक मापदण्ड पूरा गरेका १०० शय्याका अस्पताललाई बीएस्सी नर्सिङ र पीसीएल नर्सिङ सञ्चालनको अवसर दिने, प्रभावकारी अनुगमन कायम गर्ने र कानुनलाई समयानुकूल परिमार्जन गर्ने दिशामा नीति अघि बढेमा चिकित्सा शिक्षा थप सुलभ, समावेशी र गुणस्तरीय बन्न सक्छ ।

यदि आवश्यक मापदण्ड पूरा गरेका १०० शय्याका अस्पतालमा यी कार्यक्रम सञ्चालन गर्न अनुमति दिइयो भने त्यसको प्रत्यक्ष लाभ विद्यार्थी, स्वास्थ्य संस्था र समग्र स्वास्थ्य प्रणालीले प्राप्त गर्नेछन् । आज पनि धेरै विद्यार्थी काठमाडौँ वा केही सीमित सहरमा अध्ययन गर्न बाध्य छन् । यसले अध्ययन शुल्कसँगै आवास, यातायात, खानपान तथा अन्य खर्च पनि उल्लेखनीय रूपमा बढाएको छ । आफ्नै प्रदेश वा जिल्लामा अध्ययन गर्ने अवसर पाए हजारौँ विद्यार्थीको आर्थिक भार कम हुनेछ ।नेपालमा नर्सिङ जनशक्तिको आवश्यकता दिनप्रतिदिन बढिरहेको छ । संघीय शासन प्रणाली लागू भएपछि प्रदेश र स्थानीय तहमा अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र तथा विशेषज्ञ स्वास्थ्य सेवाको विस्तार भइरहेको छ। वृद्ध जनसंख्या वृद्धि, नसर्ने रोगको बढ्दो भार, मातृ तथा शिशु स्वास्थ्य सेवा, आकस्मिक उपचार तथा समुदायमा आधारित स्वास्थ्य सेवाका कारण दक्ष नर्सको माग अझ तीव्र बनेको छ ।

यस्तो अवस्थामा बीएस्सी नर्सिङ र पीसीएल नर्सिङ कार्यक्रमको विस्तारलाई राष्ट्रिय स्वास्थ्य रणनीतिसँग जोडेर हेर्न आवश्यक छ । विशेषगरी पीसीएल नर्सिङलाई कमजोर बनाउने होइन, समयानुकूल परिमार्जन गर्दै गुणस्तरीय रूपमा सञ्चालन गर्नुपर्छ । नेपालको स्वास्थ्य प्रणालीमा पीसीएल नर्सिङ अध्ययन गरेका जनशक्तिको भूमिका अझै पनि अत्यन्त महत्वपूर्ण छ ।

ग्रामीण अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य संस्था तथा मातृ-शिशु स्वास्थ्य सेवामा उनीहरूको योगदान उल्लेखनीय रहेको छ । त्यसैले आवश्यक मापदण्ड पूरा गरेका शिक्षण अस्पतालमा पीसीएल नर्सिङ सञ्चालनको अवसर पनि सुनिश्चित हुनुपर्छ ।

त्यसैगरी बीएस्सी नर्सिङले विशेषज्ञ नर्स, नर्सिङ शिक्षक, व्यवस्थापक तथा अनुसन्धानकर्ता उत्पादन गर्ने भएकाले यसको विस्तार पनि समान रूपमा आवश्यक छ । स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न नेतृत्वदायी नर्सिङ जनशक्ति उत्पादन अपरिहार्य छ । त्यसैले यी दुई कार्यक्रमलाई प्रतिस्पर्धी होइन, एकअर्काका परिपूरक कार्यक्रमका रूपमा हेर्नुपर्छ ।

चिकित्सा शिक्षा विस्तारसँगै गुणस्तरमा भने कुनै सम्झौता हुनु हुँदैन । चिकित्सा शिक्षा आयोग, सम्बन्धित विश्वविद्यालय तथा नियामक परिषद्ले सम्बन्धन दिएका संस्थाको नियमित निरीक्षण गर्नुपर्छ । शिक्षक-विद्यार्थी अनुपात, अस्पतालमा बिरामीको चाप, क्लिनिकल अभ्यास, प्रयोगशाला, पुस्तकालय, अनुसन्धान, परीक्षा प्रणाली तथा आचारसंहिताको प्रभावकारी अनुगमन गरिनुपर्छ ।

अर्कोतर्फ, चिकित्सा शिक्षामा अध्ययन शुल्क पनि ठूलो चुनौतीका रूपमा रहेको छ । निजी क्षेत्रको लगानीलाई सम्मान गर्दै शुल्क निर्धारण पारदर्शी, वैज्ञानिक र न्यायोचित हुनुपर्छ । आर्थिक रूपमा कमजोर तर प्रतिभाशाली विद्यार्थीका लागि छात्रवृत्ति, सहुलियतपूर्ण शैक्षिक ऋण तथा लक्षित सहयोग कार्यक्रमलाई अझ प्रभावकारी बनाइनुपर्छ ।आजको बहस सम्बन्धन दिने वा नदिने भन्ने होइन, योग्य संस्थालाई अवसर दिँदै गुणस्तर कसरी सुनिश्चित गर्ने भन्ने हो । चिकित्सा शिक्षा ऐन, २०७५ तथा चिकित्सा शिक्षा आयोगका मापदण्डको मूल उद्देश्य पनि गुणस्तरीय स्वास्थ्य शिक्षा विस्तार गर्नु नै हो । त्यसैले समयानुकूल रूपमा आवश्यक नीतिगत सुधार गर्दै, सबै मापदण्ड पूरा गरेका १०० शय्याका अस्पताललाई बीएस्सी नर्सिङ र पीसीएल नर्सिङ कार्यक्रम सञ्चालनका लागि सम्बन्धन दिने विषयमा गम्भीर छलफल र आवश्यक निर्णय हुनुपर्छ ।

अन्ततः चिकित्सा शिक्षा कुनै सीमित वर्गको विशेषाधिकार होइन, यो राष्ट्रको स्वास्थ्य सुरक्षा, सामाजिक न्याय र दीर्घकालीन विकाससँग जोडिएको विषय हो । गुणस्तरमा कुनै सम्झौता नगरी चिकित्सा शिक्षालाई अझ सुलभ, समावेशी र देशव्यापी बनाउने साहसिक नीति आवश्यक छ। नर्सिङ शिक्षा कुनै सामान्य शैक्षिक कार्यक्रम मात्र होइन, यो राष्ट्रको स्वास्थ्य प्रणालीलाई सक्षम, गुणस्तरीय र आत्मनिर्भर बनाउने आधार हो ।

दक्ष नर्स उत्पादन गर्नु भनेको देशका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने दीर्घकालीन लगानी गर्नु हो । त्यसैले नर्सिङ शिक्षा अध्ययन गर्न इच्छुक विद्यार्थीले आफ्नै देशमा सहज रूपमा अध्ययन गर्ने अवसर पाउनुपर्छ। कुनै पनि ऐन, कानुन वा नीतिले यस्तो अवसरलाई अनावश्यक रूपमा सीमित गर्नु उपयुक्त हुँदैन ।

नेपालमा प्रत्येक वर्ष हजारौँ विद्यार्थी नर्सिङ अध्ययन गर्न चाहन्छन् । तर विभिन्न कानुनी व्यवस्था, सीमित सिट, अनुमति प्रक्रियाको जटिलता तथा नीति-निर्माणमा देखिने ढिलाइका कारण धेरै विद्यार्थी आफ्नो इच्छाअनुसार अध्ययन गर्नबाट वञ्चित हुन्छन् । परिणामस्वरूप धेरै विद्यार्थी महँगो शुल्क तिरेर विदेश जान बाध्य हुन्छन् । यसले परिवारमा आर्थिक भार थप्नुका साथै देशबाट ठूलो मात्रामा वैदेशिक मुद्रा बाहिरिने अवस्था सिर्जना गर्छ ।

नेपालमै पर्याप्त शैक्षिक संस्था, शिक्षण अस्पताल, प्रयोगशाला तथा दक्ष जनशक्ति उपलब्ध हुँदाहुँदै पनि कानुनी जटिलताका कारण नर्सिङ शिक्षाको विस्तार रोक्नु दीर्घकालीन रूपमा लाभदायक हुँदैन । यदि आवश्यक मापदण्ड पूरा गरेका शैक्षिक संस्थालाई पारदर्शी र गुणस्तरीय आधारमा कार्यक्रम सञ्चालन गर्ने अवसर प्रदान गरियो भने विद्यार्थीले आफ्नै देशमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्नेछन् ।




यसले दक्ष स्वास्थ्यकर्मी उत्पादन, रोजगारी सिर्जना तथा राष्ट्रिय स्वास्थ्य सेवाको गुणस्तर सुधारमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

ऐन-कानुनको उद्देश्य अवसर रोक्नु होइन, गुणस्तर सुनिश्चित गर्ने हुनुपर्छ । त्यसैले नीति तथा कानुन विद्यार्थीमैत्री, व्यावहारिक र समयसापेक्ष हुन आवश्यक छ । सरकारले गुणस्तरमा कुनै सम्झौता नगरी आवश्यक मापदण्ड पूरा गर्ने शिक्षण संस्थालाई नर्सिङ कार्यक्रम सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्छ । यसबाट विद्यार्थीको अध्ययन गर्ने अधिकार सुरक्षित हुने, अभिभावकको आर्थिक भार कम हुने र देशभित्रै दक्ष नर्स उत्पादन हुने वातावरण निर्माण हुनेछ ।

त्यसैले, नर्सिङ शिक्षा अध्ययन गर्ने नेपाली विद्यार्थीलाई स्वदेशमै गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । त्यसैले राज्य ऐन-कानुन विकास र अवसर विस्तारका सहायक बन्नुपर्छ, बाधक होइन । विद्यार्थीको भविष्य, राष्ट्रको स्वास्थ्य सुरक्षा र समग्र देशको हितलाई केन्द्रमा राखेर नर्सिङ शिक्षासम्बन्धी नीति तथा कानुन समयानुकूल सुधार गर्नु आजको आवश्यकता हो । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# च्यारिटी सप : युद्धको संकटबाट जन्मिएको एउटा दिगो सामाजिक अर्थतन्त्र



सुरेन्द्र नेपाल श्रेष्ठ

बेलायतको पूर्वी काउन्टी नर्फोकस्थित 'सेजफोर्ड हिस्टोरिकल एन्ड आर्कियोलोजिकल रिसर्च प्रोजेक्ट' नामक एउटा सानो पुरातात्त्विक च्यारिटी संस्थामा एक लाख पाउन्डभन्दा बढी रकम हिनामिना भएको घटनाले केही समयअघि राष्ट्रिय मिडियामा निकै चर्चा पायो ।

संस्थाकी कोषाध्यक्षले व्यक्तिगत आर्थिक समस्या, जुवाको लत र पारिवारिक कठिनाइका कारण संस्थाको रकम दुरुपयोग गरेको अदालतमा स्वीकार गरिन् । अन्ततः चोरी भएको रकम फिर्ता गर्न उनले आफ्नै घरसमेत बेच्नुपर्ने कठोर कानुनी फैसला आयो ।

पहिलो नजरमा हेर्दा यस्तो घटनाले बेलायतको च्यारिटी प्रणाली कमजोर वा लापर्वाह छ कि भन्ने शंका उब्जाउन सक्छ, तर वास्तविकता भने अलि फरक छ । यो घटनाले त उल्टै बेलायती च्यारिटी क्षेत्रको मजबुत सुशासन, उच्च पारदर्शिता र कडा कानुनी व्यवस्थालाई नै प्रमाणित गरेको छ ।

विश्वासमा आधारित संस्थाभित्र पनि मानिसबाट गल्ती वा अनियमितता हुन सक्छ, तर यदि नियमन बलियो छ र लेखापरीक्षण पारदर्शी छ भने त्यस्ता गल्तीहरू कहिल्यै लुक्दैनन् । दोषीलाई कानुनको कठघरामा ल्याइन्छ, हिनामिना भएको रकम असुल गरिन्छ र संस्थालाई पुनः जनविश्वासका साथ अघि बढाइन्छ । यही कडा पारदर्शिता र जवाफदेहिताले गर्दा नै बेलायतको च्यारिटी प्रणाली आज संसारभरकै लागि एक विश्वसनीय र अनुकरणीय मोडेल बनेको छ ।

यही बलियो सुशासन र जनविश्वासको जगमा उभिएर बेलायतमा एउटा विशिष्ट र दिगो सामाजिक अर्थतन्त्रको विकास भएको छ, जसको मुख्य आधार नै 'च्यारिटी सप' हो । बेलायतमा च्यारिटी सपको इतिहास दोस्रो विश्वयुद्धको कठिन समयसँग जोडिएको छ ।

युद्धका बेला र त्यसपछिको समयमा बेलायतमा स्रोत-साधनको अभाव, चरम गरिबी र लाखौँ मानिसहरू घरबारविहीन भएको अवस्था थियो । त्यही कठिन परिस्थितिमा न्युकासलको एउटा रेडक्रस टोलीले युद्धपीडितहरूलाई आर्थिक र भौतिक राहत जुटाउन पुराना कपडा र घरायसी सामान संकलन गरेर बिक्री गर्ने काम सुरु गऱ्यो ।

पछि सन् १९४७ मा अक्सफामले अक्सफोर्डमा बेलायतकै पहिलो व्यवस्थित च्यारिटी सप खोल्यो, जसको तत्कालीन लक्ष्य युद्धका कारण भोकमरीमा परेका युनानका बालबालिकालाई खाना र औषधि उपलब्ध गराउनु थियो । संकटको समयमा परोपकारका लागि सुरु भएको यो सानो प्रयास आज एउटा विशाल, व्यवस्थित र आत्मनिर्भर सामाजिक रिटेल मोडलमा परिणत भएको छ ।

आज बेलायतमा च्यारिटीको अर्थ केवल राहत बाँड्ने वा दया देखाउने परम्परागत काममा मात्र सीमित छैन । यहाँका च्यारिटी संस्थाहरू शिक्षा, स्वास्थ्य, वैज्ञानिक अनुसन्धान, वातावरण संरक्षण, बालबालिका, वृद्धवृद्धा, मानसिक स्वास्थ्य, पशु संरक्षणदेखि ऐतिहासिक सम्पदा जोगाउनेसम्मका हजारौँ क्षेत्रमा सक्रिय छन् ।

मानिसहरूले आफ्नो घरमा रहेका प्रयोग नभएका तर अवस्थासन्निकट कपडा, जुत्ता, पुस्तक, फर्निचर, खेलौना, विद्युतीय उपकरण, भाँडाकुँडा र अन्य कलाकृतिहरू च्यारिटी संस्थालाई दान गर्छन् । ती सामानहरूलाई पसलमा सफा र व्यवस्थित गरी बजारको तुलनामा निकै सस्तो मूल्यमा बिक्री गरिन्छ र त्यसबाट प्राप्त आम्दानी सिधै सम्बन्धित संस्थाको सामाजिक तथा अनुसन्धानमूलक कार्यमा खर्च गरिन्छ ।

यस प्रणालीको सबैभन्दा सुन्दर पक्ष भनेको यसले समाजमा एउटा अद्भूत 'त्रिपक्षीय फाइदा' सिर्जना गर्नु हो । सामान दान गर्नेले आफ्नो प्रयोगविहीन वस्तुलाई फ्याँक्नुको सट्टा समाजको हितमा उपयोग हुन पाउँछ । खरिदकर्ताले बजारभन्दा धेरै सस्तोमा गुणस्तरीय सामान पाउँछन् । अनि च्यारिटी संस्थाहरूले पनि सरकार वा बाह्य दाताको भर पर्नु नपर्ने गरी आफ्नै स्रोतबाट सामाजिक कार्यका लागि स्थायी आम्दानी प्राप्त गर्छन् ।

उदाहरणका लागि; ब्रिटिस हार्ट फाउन्डेसनले यस्तै पसलबाट आएको रकम मुटुरोगको अनुसन्धानमा लगाउँछ भने क्यान्सर रिसर्च यूकेले क्यान्सरविरुद्धको खोजमा करोडौँ पाउन्ड खर्च गर्छ । त्यस्तै अक्सफाम, बार्नाडोज, एज यूके, स्यु राइडर र साल्भेसन आर्मीजस्ता संस्थाहरूले गरिबी निवारण, बालअधिकार र ज्येष्ठ नागरिकको सेवामा यही मोडलमार्फत ठूलो सहयोग पुऱ्याइरहेका छन् ।

आर्थिक लाभभन्दा माथि उठेर हेर्ने हो भने, च्यारिटी सप प्रणालीले वातावरण संरक्षण र सामुदायिक सम्बन्धलाई पनि बलियो बनाएको छ । च्यारिटी रिटेल एसोसिएसनका अनुसार बेलायतभर करिब १० हजार च्यारिटी सपहरू छन्, जहाँ २५ हजारभन्दा बढी कर्मचारी र २ लाखभन्दा बढी स्वयंसेवकहरू कार्यरत छन् ।

हरेक वर्ष लाखौँ टन कपडा र घरायसी सामानहरू फोहोरका रूपमा ल्यान्डफिलमा जानुको सट्टा पुनःप्रयोगमा आउँछन् । यसले नयाँ सामान उत्पादन गर्दा लाग्ने पानी, ऊर्जा र कच्चा पदार्थको खपत घटाउँदै 'फास्ट फेसन' र जलवायु परिवर्तनका असरहरू कम गर्न मद्दत गर्छ ।

साथै, सेवानिवृत्त नागरिक, गृहिणी, विद्यार्थी र बेरोजगार युवाहरूले यी पसलमा स्वयंसेवा गर्दै नयाँ सीप र कार्यानुभव हासिल गर्ने अवसर पनि पाउँछन् । यसरी यी पसलहरू केवल सामान बेच्ने ठाउँ मात्र नभएर समुदायलाई जोड्ने र एक्लोपन हटाउने सामाजिक केन्द्रका रूपमा विकास भएका छन् ।

नेपालको सन्दर्भमा कुरा गर्दा, हाम्रो संस्कृतिमा दान, धर्म, गुठी र परोपकारको इतिहास निकै पुरानो र गहिरो छ । तर, बेलायतको जस्तो व्यवस्थित र संस्थागत च्यारिटी रिटेल प्रणाली भने हामीमा अझै विकास हुन सकेको छैन ।

हाम्रो घरका अल्मारीमा थन्किएर बसेका वा अन्ततः फोहोरमा जाने कपडा, पुराना किताब, फर्निचर, साइकल वा खेलौनाहरू दुर्गमका विद्यार्थी वा न्यून आय भएका परिवारका लागि निकै उपयोगी हुन सक्छन् । यदि काठमाडौं, पोखरा, विराटनगर, बुटवल, नेपालगञ्ज वा धरानजस्ता ठूला शहरहरूमा स्थानीय तह, रेडक्रस, महिला समूह वा युवा क्लबहरूको सहकार्यमा पारदर्शी च्यारिटी सपहरू स्थापना गर्ने हो भने यसले नेपालको सामाजिक सेवा र फोहोर व्यवस्थापनमा ठूलो क्रान्ति ल्याउन सक्छ ।

यसबाट विपन्नले सस्तोमा सामान पाउने, पालिकाको फोहोर व्यवस्थापनको भार घट्ने, युवामा स्वयंसेवाको भावना जाग्ने र सामाजिक संस्थाहरूले स्थायी आम्दानी पाउनेजस्ता बहुआयामिक फाइदाहरू पुग्ने निश्चित छ ।

नेपालले बेलायतबाट सिक्नुपर्ने अर्को महत्त्वपूर्ण पाठ भनेको पारदर्शिता र संस्थागत नियमन हो । हाम्रो देशका धेरै सामाजिक संस्थाहरू, क्लब वा सहकारीहरूमा आर्थिक पारदर्शिताको विषय सधैँ चर्चा र विवादको विषय बन्ने गरेको छ ।

कतिपय ठाउँमा त नियमित लेखापरीक्षणसमेत हुँदैन र दाता वा सर्वसाधारणलाई खर्चको स्पष्ट विवरण पनि दिइँदैन । यदि बेलायतमा जस्तै 'च्यारिटी कमिसन'जस्तो स्वतन्त्र नियामक निकाय, अनिवार्य सार्वजनिक लेखापरीक्षण र पारदर्शी वार्षिक प्रतिवेदनको व्यवस्था नेपालमा पनि ल्याउन सकियो भने सामाजिक संस्थाहरूप्रतिको जनविश्वास निकै बढ्नेछ । सेजफोर्डको घटनाले के प्रस्ट पार्छ भने, पारदर्शी प्रणालीमा व्यक्तिले गल्ती त गर्न सक्छ, तर त्यो गल्ती लुक्न पाउँदैन र प्रणालीले नै त्यसलाई सुधार्ने मौका दिन्छ ।

दोस्रो विश्वयुद्धको कठिन समयबाट जन्मिएको बेलायतको च्यारिटी सप प्रणालीले विश्वलाई एउटा महान् सन्देश दिएको छ । यो फ्याँक्ने र खेर फाल्ने संस्कृतिभन्दा बाँड्ने र पुनः प्रयोग गर्ने संस्कृति धेरै उत्तम हुन्छ ।

समाजको वास्तविक समृद्धि केवल नयाँ सामान किन्ने क्षमतामा मात्र हुँदैन, बरु आफूसँग भएका स्रोत र साधनलाई कसरी साझा र बुद्धिमानीपूर्वक प्रयोग गरिन्छ भन्ने सामाजिक चेतनामा भर पर्छ ।

नेपालले पनि बेलायतको च्यारिटी सपको यो मोडलबाट केवल व्यापारिक शैली मात्र नभई त्यसको पछाडि रहेको पारदर्शिता, कडा सुशासन, पुनःप्रयोगको संस्कार र सामाजिक उत्तरदायित्वलाई पनि आत्मसात् गर्नुपर्छ । यसो गर्न सकेमा हाम्रा सामाजिक संस्थाहरूमा एउटा नयाँ, दिगो र भरोसायोग्य युगको सुरुवात हुनेछ । आखिर, समाज परिवर्तन सधैँ ठूलो रकमबाट मात्र हुँदैन; कहिलेकाहीँ एउटा पुरानो किताब, एउटा कोट वा दान गरिएको एउटा सानो खेलौनाबाट पनि ठूलो परिवर्तनको सुरुवात हुन सक्छ । यो शिलापत्रडटकमबाट साभार गरिएको हो ।

# समस्या समाधानका लागि अस्पतालको निरीक्षण गर्दै मन्त्री मेहता

सप्तरी । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासहितको टोलीले समस्या पहिचान गरी प्रभावकारी समाधानका उपाय खोज्न आज राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको निरीक्षण गर्नुभएको छ ।

अनुगमनका क्रममा मन्त्री मेहताले अस्पतालमा सघन उपचार कक्ष (आइसियु), भेन्टिलेटरलगायत अन्य अत्याधुनिक उपकरण जडानका लागि ठाउँको अभाव भएकाले भदौभित्रै नयाँ भवन निर्माण गरी अस्पताललाई हस्तान्तरण गर्न सरोकार भएका निकायलाई निर्देशन दिनुभएको छ ।

सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल तथा प्रस्तावित रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको अवस्था जानकारी लिन राजविराज आउनुभएकी स्वास्थ्यमन्त्री मेहताले अस्पतालमा भवनको अभाव रहेकाले यथाशीघ्र निर्माण गरी हस्तान्तरण गर्न सरोकार भएकालाई आग्रह गर्नुभयो ।

करिब रु ३१ करोडको लगानीमा निर्माण गरिएको उक्त अस्पतालको नवनिर्मित भवनबाट सेवा सञ्चालन गरेपछि यहाँका अधिकांश समस्या समाधान हुने बताउँदै उहाँले आगामी भदौभित्र भवन हस्तान्तरण गरी अस्पतालको सेवाप्रवाह व्यवस्थित बनाउन सहकार्य र समन्वय गर्न निर्माण कम्पनीलाई निर्देशन दिनुभएको हो ।




अस्पतालको सभाकक्षमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गर्दै मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको समस्या बुझ्न र समस्या पहिचान गरी समाधान खोज्न स्थलगत अवलोकन गरिएको बताउनुभयो । टोलीले हनुमाननगर कङ्कालिनी नगरपालिकास्थित भारदह अस्पताल, राजविराज नगरपालिकास्थित गजेन्द्रनारायण सिंह अस्पताल तथा प्रस्तावित रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणस्थलको स्थलगत निरीक्षण गरेको छ ।

हाल ५० शय्यामा सञ्चालन भइरहेको अस्पतालमा सेवा विस्तार गरी एक सय शय्या पुऱ्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । राजविराजमै रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा आएपछि यहाँका सर्वसाधारणलाई उपचार सहज र छिटो प्राप्त उहाँले उहँले विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री मेहताले प्रतिष्ठानका लागि चालु आवमा रु ५० करोड बजेट छुट्याइएको जानकारी दिँदै अब ऐन पारित गरी प्रतिष्ठानको निर्माण पनि छिट्टै अघि बढाइने बताउनुभयो । टोलीमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री मेहता, प्रतिनिधिसभाका सदस्यद्वय डा अङ्किता ठाकुर र पुष्पा चौधरीसहित सहभागी हुनुहुन्थ्यो ।

अस्पतालका अधिकृत सूर्यकान्त झाले हाल ५० शय्याको स्वीकृति प्राप्त गरी ठूलो सङ्ख्यामा बिरामीलाई सेवा प्रदान गर्दै आउनुपरेको बताउनुभयो । उहाँले थप शय्या विस्तार गर्न तथा नर्सिङ कलेजका लागि नयाँ भवन तयार भए पनि जनशक्ति र बजेट अभावका कारण सञ्चालन हुन नसकेकाले आवश्यक व्यवस्था गर्न मन्त्री मेहतालाई आग्रह गर्नुभयो ।

उहाँले लामो समयदेखि अस्पताल विकास समिति गठन हुन नसकेकाले समिति गठन गर्नुपर्ने, प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण गर्नुपर्नेलगायत चारबुँदे अनुरोधपत्र मन्त्री मेहतालाई बुझाउनुभएको थियो ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा वीरेन्द्र मण्डलको अध्यक्षतामा आयोजित संवाद कार्यक्रममा स्थानीयका तर्फबाट दीपेन्द्र चौधरीले अस्पताल सुधारका १५ बुँदे ज्ञापनपत्र मन्त्री मेहतालाई बुझाउनुभयो । उहाँले नगर स्थापनाकालदेखि बसोबास गर्दै आएका पाँच हजारभन्दा बढी परिवारले अझै लालपुर्जा पाउन नसकेको भन्दै पहलका लागि मन्त्री मेहताको ध्यानाकर्षण गराउनुभएको थियो । रासस

# ‘अध्यक्ष हटाउने कुरा सडकछाप हो, मलाई कहाँबाट हटाउने ?’

**टुडे समाचारदाता**

बिर्तामोड । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी नेतृत्व परिवर्तनका विषयमा भइरहेको चर्चालाई अस्वीकार गर्दै आफूलाई अध्यक्ष पदबाट हटाउने अवस्था नरहेको दाबी गरेका छन् । उनले पार्टीको तल्लो तहदेखि केन्द्रीय तहसम्मका कार्यकर्ताहरू नेतृत्व परिवर्तनका लागि तयार नरहेको जिकिर गर्दै ‘अध्यक्ष हटाउने’ चर्चा केही व्यक्तिको स्वार्थ र महत्त्वाकांक्षाबाट प्रेरित भएको टिप्पणी गरेका छन् ।

झापाको बिर्तामोडमा आइतबार आयोजित ‘मिसन पार्टी जागरण अभियान’ को शुभारम्भ गर्दै अध्यक्ष ओलीले पार्टीभित्र नेतृत्व परिवर्तन र पुनर्गठनका विषयमा भइरहेको बहसप्रति असन्तुष्टि व्यक्त गरे। उनले आफूलाई अध्यक्ष पदबाट हटाउने कुरा उठाउनेहरूप्रति प्रश्न गर्दै ‘कहाँबाट हटाउने र कसले हटाउने?’ भन्ने प्रतिप्रश्न गरे ।

ओलीले भने, ‘सुन्छु म, अध्यक्ष हटाउनुपर्छ। कठै बरा ! यस्तो बेलामा केही नलागेर अध्यक्ष हटाउने ? घर गएर हटाउने ? कहाँबाट हटाउने, कसले भनेर हटाउने ? कार्यकर्तापङ्क्ति त अध्यक्ष हटाउन तयार छैन, अनि कसरी हटाउने ?’

उनले पार्टी नेतृत्व परिवर्तनको विषयलाई तत्कालीन राजनीतिक आवश्यकता नभएको दाबी गरे । उनका अनुसार अहिले एमालेभित्र नेतृत्व परिवर्तनभन्दा पनि पार्टीलाई थप सक्रिय, सुदृढ र ऊर्जाशील बनाउँदै जनतामाझ पुग्नुपर्ने आवश्यकता छ ।

ओलीले पार्टी पुनर्गठनको चर्चा पनि सान्दर्भिक नभएको बताए। उनले ‘पुनर्गठन भनेको के हो?’ भन्दै नेतृत्व परिवर्तनलाई नै पुनर्गठनका रूपमा व्याख्या गर्ने प्रयासप्रति असहमति जनाए। अध्यक्ष हटाउने विषयलाई उनले ‘सडकछाप कुरा’ को संज्ञा दिँदै यसबारे आफू धेरै छलफल गर्नसमेत इच्छुक नरहेको स्पष्ट पारे ।



‘पुनर्गठनको चर्चा चलिरहेको छ, पुनर्गठन भनेको के हो ? अध्यक्ष हटाउने भन्ने एउटा कुरा छ नि सडकछाप कुरा, यो विषयमा त म धेरै छलफल पनि गर्न चाहन्नँ,’ ओलीले भने ।

उनले पार्टीका नेता तथा कार्यकर्तालाई आधारहीन र असम्भव विषयको पछाडि नलाग्न आग्रह गरे। अहिले एमालेमा पुनर्गठन आवश्यक नभई ‘पुनर्जागरण’ आवश्यक रहेको उनको भनाइ थियो। पार्टीलाई थप संगठित, सक्रिय र वैचारिक रूपमा मजबुत बनाउँदै आगामी राजनीतिक चुनौतीको सामना गर्नुपर्नेमा उनले जोड दिए ।

अध्यक्ष ओलीले कम्युनिस्ट आन्दोलनको इतिहास स्मरण गर्दै विगतमा विभिन्न समयमा कम्युनिस्ट आन्दोलन पुनर्गठन हुँदै आएको बताए। कम्युनिस्ट आन्दोलन तीन पटक पुनर्गठन भइसकेको उल्लेख गर्दै उनले अहिलेको अवस्थामा पुनः आन्तरिक विवाद र नेतृत्व परिवर्तनको बहसमा अल्झिनुभन्दा पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए ।

उनका अनुसार देशको वर्तमान राजनीतिक परिस्थितिमा एमालेभित्र अनावश्यक विवाद सिर्जना गर्नुले पार्टीलाई कमजोर बनाउने जोखिम हुन्छ। त्यसैले नेता तथा कार्यकर्ताहरूबीच एकता, अनुशासन र सक्रियता बढाउँदै पार्टीको राजनीतिक अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा ओलीले जोड दिए ।

उनले एमालेले आन्तरिक मतभेद र नेतृत्वसम्बन्धी विवादभन्दा बाहिर निस्किएर ‘प्रतिक्रियावादी शक्तिहरू’ विरुद्ध राजनीतिक रूपमा एकताबद्ध भएर संघर्ष गर्नुपर्ने बताए । पार्टीको मूल उद्देश्य र राजनीतिक एजेन्डाबाट विचलित नहुन कार्यकर्तालाई निर्देशन दिँदै उनले एमालेको संगठनलाई अझ बलियो बनाउन जागरण अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

‘मिसन पार्टी जागरण अभियान’लाई पार्टीका नेता-कार्यकर्तालाई सक्रिय बनाउने, संगठनलाई जनतासँग थप जोड्ने तथा वर्तमान राजनीतिक परिस्थितिबारे कार्यकर्तालाई स्पष्ट पार्ने अभियानका रूपमा अघि बढाउनुपर्ने उनको भनाइ थियो ।

ओलीको पछिल्लो अभिव्यक्तिले एमालेभित्र पछिल्लो समय उठिरहेका नेतृत्व परिवर्तन, पार्टी पुनर्गठन तथा आन्तरिक संगठन सुदृढीकरणसम्बन्धी बहसप्रति उनको दृष्टिकोण स्पष्ट पारेको छ । उनले नेतृत्व परिवर्तनको बहसलाई प्राथमिकतामा नराखी संगठनको पुनर्जागरण, कार्यकर्ताको परिचालन र राजनीतिक रूपमा एकताबद्ध भएर अघि बढ्नुपर्ने सन्देश दिएका छन् ।

यससँगै ओलीले पार्टी अध्यक्ष पदबाट आफूलाई हटाउने विषयमा भइरहेको चर्चालाई ठाडै अस्वीकार गर्दै एमालेको वर्तमान नेतृत्वप्रति कार्यकर्ताको समर्थन रहेको दाबी गरेका छन् । पार्टीभित्र देखिएका असन्तुष्टि वा मतभेदलाई नेतृत्व परिवर्तनको मुद्दा बनाउनुको सट्टा संगठनलाई थप सुदृढ बनाउनुपर्ने उनको जोड छ ।

# ‘निर्मम समीक्षा नगरी कम्युनिष्ट आन्दोलनको पुनर्जागरण सम्भव छैन’

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले नेपालका कम्युनिष्ट पार्टीहरू राजनीतिक संघर्ष, विद्रोह र आन्दोलनका मोर्चामा सफल भए पनि राज्यसत्ता सञ्चालनका क्रममा भने अपेक्षाकृत कमजोर देखिएको टिप्पणी गरेका छन्। उनले कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्था र भविष्यबारे गम्भीर समीक्षा आवश्यक रहेको भन्दै विगतका कमजोरी पहिचान नगरी आन्दोलनको पुनर्जागरण सम्भव नहुने बताएका छन् ।



पोखरेलले सामाजिक सञ्जालमार्फत कम्युनिष्ट आन्दोलनको विगत, वर्तमान अवस्था र आगामी दिशाबारे धारणा सार्वजनिक गर्दै आन्दोलनभित्र ‘निर्मम समीक्षा’ आवश्यक रहेको बताएका हुन्। उनका अनुसार नेपालका कम्युनिष्ट शक्तिहरूले लामो समयसम्म संघर्ष, विद्रोह र राजनीतिक परिवर्तनका मोर्चामा उल्लेखनीय सफलता हासिल गरे पनि सरकार सञ्चालन र राज्यसत्ताको प्रयोगका क्रममा त्यही सफलता दोहोरिन सकेको छैन ।

उनले कम्युनिष्ट आन्दोलनको परम्परागत मान्यतामाथि समेत प्रश्न उठाउँदै क्रान्तिपूर्व सरकारलाई शक्ति सञ्चय र जनसमर्थन विस्तारको आधार बनाउने सोच व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको उल्लेख गरेका छन् । सरकारमा सहभागी भएपछि पार्टीको जनमत र राजनीतिक शक्ति थप विस्तार हुनुपर्नेमा कतिपय अवस्थामा उल्टै जनसमर्थन खस्किने अवस्था देखिनु गम्भीर चुनौती भएको उनको निष्कर्ष छ ।

पोखरेलका अनुसार कम्युनिष्ट नेतृत्वमा बनेका सरकारले देशभक्ति, पूर्वाधार विकास र सामाजिक सुरक्षाका क्षेत्रमा महत्वपूर्ण काम गरे पनि त्यसको राजनीतिक लाभ पार्टीहरूले अपेक्षित रूपमा लिन सकेनन् ।

‘कम्युनिष्ट नेतृत्वको सरकार हुँदा देशभक्ति, पूर्वाधार विकास र सामाजिक सुरक्षाका क्षेत्रमा उल्लेख्य काम भए पनि जनसमर्थन भने बढ्नुको साटो आमरूपमा घट्न पुग्यो,’ उनले भनेका छन् ।

महासचिव पोखरेलले नेपालको कम्युनिष्ट राजनीतिक इतिहासमा मनमोहन अधिकारी नेतृत्वको २०५१ सालको अल्पमतको सरकार र केपी शर्मा ओली नेतृत्वको २०७२ सालको नौमहिने सरकार मात्रै जनमत विस्तार गर्न सफल भएको दाबी गरेका छन् ।

उनका अनुसार यी दुई सरकारका कार्यशैली, राजनीतिक सन्देश र जनतासँगको सम्बन्धले कम्युनिष्ट शक्तिप्रति सकारात्मक धारणा निर्माण गर्न योगदान पुऱ्याएको थियो । तर त्यसपछि बनेका कम्युनिष्ट नेतृत्वका सरकारहरूले अपेक्षित रूपमा जनसमर्थन विस्तार गर्न नसकेको उनको संकेत छ ।सरकारमा रहँदा गरिएका काम र राजनीतिक उपलब्धिलाई जनतासम्म प्रभावकारी रूपमा पुऱ्याउन नसक्नु, संगठन र जनताबीचको सम्बन्ध कमजोर हुनु तथा पार्टीभित्र देखिएका समस्या समाधान गर्न नसक्नु कम्युनिष्ट आन्दोलनका लागि चुनौती बन्दै गएको उनको विश्लेषण छ ।

पोखरेलले २०८२ सालमा वामपन्थी आन्दोलनले असाधारण धक्का बेहोरेको उल्लेख गर्दै अब पुरानै शैली, कार्यशैली र राजनीतिक सोचका आधारमा अघि बढ्न नसकिने बताएका छन् ।

उनका अनुसार विगतका उपलब्धिको मात्र चर्चा गरेर वर्तमान संकटको समाधान खोज्न सकिँदैन। आन्दोलन कमजोर हुनुका वास्तविक कारण पहिचान गरी त्यसको समाधानका लागि पार्टीभित्र गम्भीर बहस र आत्मसमीक्षा आवश्यक छ ।

विशेषगरी आधारभूत वर्ग र समुदायका जनता किन कम्युनिष्ट पार्टीबाट क्रमशः टाढिँदै गइरहेका छन् भन्ने प्रश्नको जवाफ खोज्नुपर्नेमा उनले जोड दिएका छन् । त्यस्तै, समाज रूपान्तरणको लक्ष्य बोकेर राजनीतिमा आएका नेता तथा कार्यकर्तामा परिवर्तनको हुटहुटी किन कमजोर हुँदै गएको छ भन्ने विषयमा समेत गम्भीर समीक्षा गर्नुपर्ने उनको भनाइ छ ।

पोखरेलका अनुसार जनतासँगको सम्बन्ध कमजोर हुनु, कार्यकर्तामा राजनीतिक तथा वैचारिक ऊर्जा घट्नु र नेतृत्वमा आत्मसमीक्षाको कमी हुनुजस्ता विषयलाई बेवास्ता गरेर कम्युनिष्ट आन्दोलनलाई पुनर्जीवित गर्न सकिँदैन ।

महासचिव पोखरेलले समस्याबाट पन्छिनेभन्दा त्यसको कारण पहिचान गरेर समाधानतर्फ अघि बढ्नुपर्ने बताएका छन् । उनले आफ्नो तर्कलाई मार्क्सवादी मान्यतासँग जोड्दै हरेक समस्याको पछाडि कुनै न कुनै कारण हुने र त्यसको समाधान पनि त्यही कारणको पहिचानमा निहित हुने बताएका छन् ।

‘हरेक समस्याका पछाडि कुनै न कुनै कारण हुन्छ र त्यसको समाधान पनि त्यसमै निहित हुन्छ । यो मार्क्सवादी मान्यता हो,’ पोखरेलले भनेका छन्, ‘तसर्थ समस्या छ भनेर भाग्ने होइन, सामना गरेर अघि बढ्ने हो ।’

उनको यो अभिव्यक्तिले पछिल्लो समय नेपाली वामपन्थी राजनीतिमा देखिएको संकटलाई स्वीकार गर्दै त्यसको समाधानका लागि आत्मसमीक्षा, वैचारिक पुनर्विचार र संगठनात्मक सुधार आवश्यक रहेको संकेत गरेको छ ।

पोखरेलले कम्युनिष्ट आन्दोलनको पुनर्जागरण केवल संगठनात्मक पुनर्संरचना वा नेतृत्व परिवर्तनबाट मात्र सम्भव नहुने संकेत गरेका छन् । त्यसका लागि आन्दोलनले विगतका सफलता र असफलताको वस्तुगत समीक्षा गर्दै जनतासँगको सम्बन्ध पुनःस्थापित गर्नुपर्ने उनको धारणा देखिन्छ ।

# भारतीय प्रधानसेनापति सेठ काठमाण्डु आइपुगे




**टुडे समाचारदाता**

काठमाण्डु । भारतीय स्थल सेनाका प्रधानसेनापति जनरल धिरज सेठ चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार अपराह्न काठमाण्डु आइपुगेका छन् । नेपाली सेनाका प्रधानसेनापति जनरल अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा उनी नेपाल भ्रमणमा आएका हुन् ।

काठमाण्डुस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका जनरल सेठलाई नेपाली सेनाका उच्च अधिकारीहरूले स्वागत गरेका थिए । प्रधानसेनापति बनेपछि उनको यो पहिलो विदेश भ्रमण हो। भ्रमणलाई नेपाल-भारतबीचको परम्परागत सैन्य सम्बन्धलाई थप सुदृढ बनाउने अवसरका रूपमा हेरिएको छ ।

जनरल सेठले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा ग्रहण गर्ने कार्यक्रम छ । शीतल निवासमा आयोजना हुने विशेषसमारोहमाराष्ट्रपतिपौडेलले भारतीयप्रधानसेनापतिलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नेछन् ।

नेपाल र भारतका प्रधानसेनापतिलाई एकअर्काको सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने लामो समयदेखिको परम्परा रहँदै आएको छ । दुई देशबीचको विशिष्ट सैन्य सम्बन्ध र पारस्परिक सम्मानको प्रतीकका रूपमा यसलाई लिइन्छ ।

चारदिने भ्रमणका क्रममा जनरल सेठले नेपालका उच्च राजनीतिक तथा सैनिक नेतृत्वसँग भेटवार्ता गर्ने कार्यक्रम छ उनले प्रधानमन्त्री तथा रक्षामन्त्री बालेन्द्र साहसँग भेटवार्ता गर्नुका साथै नेपाली सेनाका प्रधानसेनापति जनरल अशोकराज सिग्देलसँग पनि द्विपक्षीय सैन्य सम्बन्धका विभिन्न विषयमा छलफल गर्नेछन् ।

> चारदिने भ्रमणका क्रममा जनरल सेठले नेपालका उच्च राजनीतिक तथा सैनिक नेतृत्वसँग भेटवार्ता गर्ने कार्यक्रम छ। उनले प्रधानमन्त्री तथा रक्षामन्त्री बालेन्द्र साहसँग भेटवार्ता गर्नुका साथै नेपाली सेनाका प्रधानसेनापति जनरल अशोकराज सिग्देलसँग पनि द्विपक्षीय सैन्य सम्बन्धका विभिन्न विषयमा छलफल गर्नेछन् ।

भ्रमणका क्रममा जनरल सेठले काठमाडौंको टुँडिखेलस्थित सैनिक मञ्चमा श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रमसमेत रहेको छ। यसका अतिरिक्त नेपाल र भारतबीचको द्विपक्षीय सैन्य सहयोग, सुरक्षा सहकार्य, तालिम, संयुक्त अभ्यास तथा दुई देशका सेनाबीच रहँदै आएको संस्थागत सम्बन्धका विषयमा छलफल हुने बताइएको छ ।

नेपाल र भारतबीचको सैन्य सम्बन्ध लामो समयदेखि विभिन्न तहमा विस्तार हुँदै आएको छ । दुवै देशका सेनाबीच उच्चस्तरीय भ्रमण, सैनिक तालिम तथा संयुक्त अभ्यास, विपद् व्यवस्थापन, मानवीय सहायता र अन्य सैन्य सहकार्यका क्षेत्रमा नियमित सम्पर्क हुँदै आएको छ । भारतीय प्रधानसेनापतिको नेपाल भ्रमणले यस्ता सहकार्यलाई थप निरन्तरता दिने अपेक्षा गरिएको छ ।

जनरल धिरज सेठले ३० जुन २०२६ मा भारतीय सेनाको प्रधानसेनापतिको जिम्मेवारी सम्हालेका थिए। प्रधानसेनापतिको जिम्मेवारी सम्हालेपछि नेपालको भ्रमणमा आउनु उनको पहिलो विदेश भ्रमण भएकाले यस भ्रमणलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

नेपाल र भारतबीचका उच्चस्तरीय सैनिक भ्रमणले दुई देशका सेनाबीचको परम्परागत सम्बन्धलाई निरन्तरता दिनुका साथै बदलिँदो क्षेत्रीय सुरक्षा परिस्थितिमा आपसी समझदारी र सहकार्य बढाउन भूमिका खेल्दै आएका छन् ।

जनरल सेठको चारदिने नेपाल भ्रमणका क्रममा हुने उच्चस्तरीय भेटवार्ता र छलफलबाट दुई देशबीचको विद्यमान रक्षा तथा सैन्य सहकार्यलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । साथै, मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्पराले नेपाल-भारतबीचको विशेष सैन्य सम्बन्ध र पारस्परिक सम्मानलाई पुनः प्रतिबिम्बित गर्नेछ ।

# ‘नागरिक, नीति र नेतृत्व’ कार्यक्रम सुरू गर्दै रास्वपा

काठमाण्डु । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी भदौ महिनादेखि ‘नागरिक, नीति र नेतृत्व’ कार्यक्रम शुरु गर्दैछ ।

लोकतन्त्रको मर्म निर्वाचित नेतृत्व निरन्तर नागरिकको निगरानी, सुझाव र सम्पर्कमा रहनुपर्ने यथार्थलाई मनन गर्दै, जनउत्तरदायी, पारदर्शी र परिणाममुखी राजनीतिक संस्कारको विकास गर्न रास्वपाले उक्त कार्यक्रम अघि बढाउन लागेको हो। कार्यक्रमअन्तर्गत सो पार्टीका मन्त्रीहरू महिनामा कम्तीमा एक पटक अनिवार्य रूपमा केन्द्रीय पार्टी कार्यालयमा उपस्थित भई नागरिक र पार्टी पङ्क्तिसँग प्रत्यक्ष संवादमा आउनुपर्ने छ ।

रास्वपाका संसदीय दलका सचेतक प्रकाशचन्द्र परियारले भुइँमान्छेका आवाजलाई सिधैँ राज्यको नीति निर्माण र कार्यान्वयनको तहसम्म जोड्ने पुलको काम गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको बताउनुभयो । कार्यक्रमको पहिलो चरणमा साँझ एक घण्टाको अवधि पूर्णरूपमा आमनागरिकका लागि खुला रहने, त्यहाँ उपस्थित मन्त्रीले सिधै सर्वसाधारण जनताका गुनासा, समस्या, अपेक्षा र सुझावहरू सुन्नुहुनेछ ।

दोस्रो चरणमा मन्त्री, पार्टीका केन्द्रीय समिति सदस्यहरू र प्रतिनिधिसभा सदस्यहरूबीच संयुक्त बैठक बसेर पहिलो चरणमा नागरिकबाट प्राप्त सुझावहरूका आधारमा तथा देशका समसामयिक, बहुआयामिक र नीतिगत विषयमा सघन छलफल हुनेछ । नागरिक, सरकार (मन्त्री), व्यवस्थापिका (सांसद) र सङ्गठन (केन्द्रीय समिति) बीचको समन्वयलाई चुस्त बनाउँदै नागरिकका मुद्दालाई प्रभावकारी ढङ्गले सम्बोधन गर्ने सम्बन्धमा साझा रणनीति तय गर्न यो कार्यक्रम तय गरिएको सचेतक परियारले बताउनुभयो ।

मन्त्रीहरूलाई आमनागरिकप्रति प्रत्यक्ष रूपमा जवाफदेही बनाउने, नागरिकको वास्तविक समस्या बुझेर राष्ट्रिय नीति तथा कानुन निर्माणमा पार्टीको धारणा तय गर्ने, नागरिक, पार्टीको साङ्गठनिक तह, संसदीय दल र सरकारमा रहनुभएका प्रतिनिधिबीच प्रभावकारी सूचना तथा कार्ययोजना आदानप्रदान गर्ने लक्ष्य सो पार्टीले लिएको छ । रासस

# हमास प्रमुख इजिप्टमा कुटनीतिक भेटघाटमा व्यस्त



एएफपी। हमासले एक पटक इजरायलले अस्वीकार गरिसकेको अमेरिकाद्वारा प्रस्तावित योजनाबारे छलफल गर्न आफ्नो नेतालाई इजिप्ट पठाएको छ। कुशनरको विमान अवतरण हुनुअघि काएरो अहिले नयाँ विकल्पहरूको खोजीमा व्यस्त बनेको छ। कूटनीतिक प्रयासका पछाडि गाजामा आक्रमण कहिल्यै पूर्ण रूपमा रोकिएको छैन।

हमासका राजनीतिक प्रमुख खालिल अल-हय्या इजिप्टका अधिकारीहरूसँग वार्ता गर्न काएरो भ्रमणमा हुनुहुन्छ। यो भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत जरेड कुशनरको मध्यपूर्व भ्रमणअघि भएको हो।

जुलाईको अन्त्यमा हमासको नेतृत्व सम्हालेपछि अल-हय्याको यो पहिलो इजिप्ट भ्रमण हो। उहाँले आइतबार बिहान इजिप्टका गुप्तचर प्रमुख हसन रशादसँग भेट्नुहुने हमास निकट स्रोतले बताएका छन्।

अमेरिकी कुटनीतिज्ञ कुशनरले आगामी हप्ता इजरायल र इजिप्टको भ्रमण गर्नुहुनेछ। उहाँको लक्ष्य इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले अस्वीकार गरेको गाजा योजनामा देखिएको मतभेद कम गर्नु हो। शान्ति बोर्डका गाजाका लागि उच्च प्रतिनिधि निकोलाइ म्लादेनोभले पनि भ्रमणमा कुश्नरलाई साथ दिनुहुनेछ।

यो भ्रमण नेतन्याहुले १५ बुँदे योजनालाई सार्वजनिक रूपमा अस्वीकार गरेपछि भएको हो। उक्त योजनाअनुसार हमासले आफ्ना हतियार नयाँ प्यालेस्टिनी शासन समितिलाई बुझाउने सहमति जनाएको थियो।

हमासका राजनीतिक ब्युरो सदस्य बासेम नैमले शुक्रबार भन्नुभयो, "हमासले अहिले मध्यस्थकर्ता र अमेरिकालाई पर्खिरहेको छ, ताकि नेतन्याहुको सरकारलाई रोडम्याप पालना गर्न दबाब परोस्।

**गाजामा इजरायली आक्रमण जारी**

गाजामा इजरायली आक्रमण रोकिएको छैन। शनिबार इजरायली गोलीबारीमा दुई प्यालेस्टिनी मारिए र १४ जना घाइते भए। इजरायली सेनाले गाजाका विभिन्न भागमा हवाई आक्रमण, तोपबाट गोलीबारी र घर भत्काउने कार्य गरेको गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ।

गत अक्टोबरमा युद्धविराम सुरु भएदेखि अहिलेसम्म इजरायली आक्रमणमा एक हजार २५० भन्दा बढी प्यालेस्टिनी मारिएका छन्। सन् २०२३ अक्टोबरदेखि इजरायली आक्रमणमा मारिएका व्यक्तिको कुल मृत्यु सङ्ख्या अहिलेसम्म ७३ हजार ३०० नाघिसकेको छ।

**नेतन्याहुको अडान**

नेतन्याहुले गत आइतबार शान्ति बोर्डको योजना औपचारिक रूपमा अस्वीकार गर्नुभएको छ। उहाँले भन्नुभएको थियो, "हमास पूर्ण रूपमा निशस्त्र नभएसम्म इजरायली सेना फिर्ता हुने छैन।"

इजरायली रक्षा मन्त्री इजरायल काट्जले यस हप्ता भन्नुभयो, "सेना लेबनान र सिरियाका कब्जा गरिएका सुरक्षा क्षेत्रमा पनि रहिरहनेछ। उहाँले तीनै मोर्चामा इजरायली सैन्य उपस्थिति कायम राख्ने योजना रहेको पुष्टि गर्नुभयो।

**हमासमा अल-हय्याको भूमिका**

अमेरिकी राष्ट्रपति ट्रम्पले यस वर्षको जनवरीमा डाभोसमा विश्व आर्थिक मञ्चमा शान्ति समिति (बोर्ड अफ पिस) को घोषणा गर्नुभएको थियो। यसको उद्देश्य गाजाको कमजोर युद्धविराम पूर्ण रूपमा लागू भएपछि त्यसलाई व्यवस्थापन गर्नु हो। यसको अन्तिम संरचना अझै तय भएको छैन।

अल-हय्याले विगतमा पनि युद्धविराम र बन्धक आदानप्रदान वार्तामा हमासको प्रतिनिधित्व गर्दै आउनुभएको थियो भने इस्तानबुलका अघिल्ला वार्ताहरूमा पनि उहाँ सक्रिय हुनुहुन्थ्यो।

## रुससँगको सम्बन्धको भविष्यप्रति किम जोङ-उन आशावादी

एएफपी। उत्तर कोरियाली नेता किम जोङ-उनले रुससँगको सम्बन्धको भविष्यप्रति आफू आशावादी रहेको बताउनुभएको छ। दुई देशबीचको सम्बन्ध अझ सुदृढ हुने अपेक्षा गर्न पाउनुमा आफूलाई गर्व लागेको उहाँले बताउनुभएको हो।

आधिकारिक कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार, कोरियाली 'मुक्ति दिवस'को ८१औँ वार्षिकोत्सवका अवसरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पठाएको शुभकामना सन्देशको जवाफ दिँदै किमले शनिबार यस्तो धारणा व्यक्त गर्नुभएको हो।

किमले पुटिनको नेतृत्वमा रुसी सेना र जनताले आफ्नो सार्वभौमिकता, सुरक्षा हित तथा क्षेत्रीय अखण्डताको रक्षा गर्दै शक्तिशाली रुस निर्माणको लक्ष्य पूरा गर्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले रुसी राष्ट्रपतिको कार्यकालमा थप सफलताको कामनासमेत गर्नुभयो।

उत्तर कोरियाले सन् १९४५ अगस्त १५ मा जापानी औपनिवेशिक शासनबाट कोरियाली प्रायद्वीप मुक्त भएको दिनको सम्झनामा हरेक वर्ष अगस्त १५ लाई 'मुक्ति दिवस'का रूपमा मनाउँदै आएको छ।

# हिजबुल्लाहमाथि कारबाही जारी राख्ने इजरायलको चेतावनी



एएफपी। इजरायलले खतरा महसुस भएमा हिजबुल्लाहमाथि पुनः आक्रमण गर्ने चेतावनी दिएको छ। यसैबीच, इजरायली सेनाले शनिबार दक्षिणी लेबनानमा भएको आक्रमणमा मारिएका अर्का व्यक्तिलाई हिजबुल्लाहका वरिष्ठ कमाण्डरका रूपमा पहिचान गरेको छ। उक्त आक्रमणमा बालबालिकासहित ११ जनाको मृत्यु भएको लेबनानी अधिकारीहरूले बताएका छन्।

इजरायली अधिकारीहरूका अनुसार शनिबार दक्षिणी लेबनानमा गरिएको आक्रमण जुनमा युद्धविरामसम्बन्धी समझदारी भएयताकै सबैभन्दा घातक हो।

इजरायलले उक्त कारबाही हिजबुल्लाहले दक्षिणी लेबनानको तथाकथित 'सुरक्षा क्षेत्र' मा विस्फोटक ड्रोन प्रहार गरेपछि गरिएको जनाएको छ। ड्रोन आक्रमणमा एक अधिकृतसहित तीन इजरायली सैनिक गम्भीर घाइते भएका थिए।

"कुनै पनि क्षेत्रमा हिसाबकिताब बाँकी राखिने छैन। हामी हाम्रा सैनिक र नागरिकको पूर्ण शक्तिका साथ रक्षा गर्नेछौँ", इजरायली रक्षामन्त्री इजरायल काट्जले सामाजिक सञ्जाल 'एक्स'मा लेख्नुभएको छ।

इजरायली सेनाले शनिबार मारिएका व्यक्तिमध्ये अबु हसन अलाको पहिचान गर्दै उनी हिजबुल्लाहको 'बद्र' एकाइका वरिष्ठ कमाण्डर रहेको जनाएको छ। सेनाका अनुसार उनी इजरायली सैनिकमाथि ड्रोन आक्रमण गर्ने योजनामा सङ्लग्न थिए। यसअघि इजरायलले उक्त आक्रमणमा हिजबुल्लाहको विशेष 'रडवान फोर्स'का कमाण्डर अली समीर अल-हाज हसन पनि मारिएको जनाएको थियो।

इजरायली सेनाले हसनका परिवारका सदस्यहरू घटनास्थलमा उपस्थित रहेको स्वीकार गरे पनि उनीहरू आक्रमणको लक्ष्य नभएको भन्दै कारबाहीको बचाउ गरेको छ।

लेबनानका राष्ट्रपति जोसेफ आउनले अन्सार गाउँमा भएको आक्रमणमा पूरै परिवार मारिएको बताउनुभएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मृतकमध्ये तीन बालबालिका र दुई महिला छन्।

लेबनानका लागि संयुक्त राष्ट्रसङ्घीय मानवीय संयोजक इमरान रिजाले आक्रमणको निन्दा गर्दै नागरिक र बालबालिकाको सुरक्षा गर्नुपर्ने बताउनुभयो। यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले हिजबुल्लाहले नागरिकलाई जानाजानी जोखिममा पारेको आरोप लगाएको छ। हिजबुल्लाहले उक्त आरोप अस्वीकार गर्दै आक्रमणका लागि नेतान्याहुलाई जिम्मेवार ठहर गरेको छ।

इजरायल र हिजबुल्लाहबीचको तनाव अमेरिकी मध्यस्थतामा भएको समझदारीपछि केही घटेको भए पनि दक्षिणी लेबनानमा बेलाबेलामा हिंसात्मक घटना भइरहेका छन्। समझदारीअनुसार इजरायली नियन्त्रणमा रहेका दक्षिणी क्षेत्रको सुरक्षाको जिम्मेवारी लेबनानी सेनाले क्रमशः सम्हाल्ने व्यवस्था गरिएको छ। तर हिजबुल्लाहले निः शस्त्रीकरण गर्न अस्वीकार गर्दै आएको छ।

# 'बङ्गलादेशः हसिना फिर्ता नभएसम्म प्रधानमन्त्री रहमान भारत भ्रमण नगर्ने'

एएफपी। नयाँ दिल्लीले बङ्गलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई प्रत्यर्पण नगरेसम्म प्रधानमन्त्री तारिक रहमान भारत भ्रमण गर्ने छैनन् जबसम्म नयाँ दिल्लीले शेख हसिनालाई प्रत्यर्पण गर्दैनन्।

शेख हसिना सन् २०२४ को विद्रोहका क्रममा भागेर गएकी बांग्लादेशकी पूर्व प्रधानमन्त्री हुन्।



हसिनाको सरकार ढलेपछि र उहाँ छिमेकी भारतमा भागेपछि दुई देशबीचको सम्बन्ध तनावपूर्ण बनेको छ। उहाँ अहिले पनि भारतमै रहनुभएको छ।

बङ्गलादेशमा मानवताविरुद्धको अपराधका लागि दोषी ठहरिएकी हसिनालाई मृत्युदण्डको सजाय तोकिएको छ र ढाकाले बारम्बार उहाँको प्रत्यर्पणको माग गरेको छ।

आइतबार पत्रकारहरूसँग कुरा गर्दै परराष्ट्र मन्त्रालयका अधिकारी ए.के.एम. शाहिदुल करिमले अर्को हप्ता रहमानको भारत भ्रमण हुन सक्ने मिडियाको अनुमानलाई खासै महत्त्व दिएर प्रतिक्रिया दिन चाहनुभएन।

"हामी यस्तो दृष्टिकोण राख्छौं कि भ्रमणका लागि अनुकूल वातावरण सिर्जना हुनु आवश्यक छ," करिमले पत्रकारसँग भन्नुभयो।

"यसका लागि हामीले भारतीय अधिकारीहरूलाई शेख हसिना र अन्य फरार व्यक्तिहरूको प्रत्यर्पण प्रक्रिया छिटो अगाडि बढाउन आग्रह गरेका छौँ।"

भारतले बङ्गलादेशको प्रत्यर्पण अनुरोध 'अध्ययनको क्रममा' रहेको बताएको छ।

फेब्रुअरीमा पदभार ग्रहण गर्नुभएका प्रधानमन्त्री रहमानले मलेसिया र चीन भ्रमण गरिसक्नुभएको छ। बङ्गलादेशका नेताहरूको पहिलो विदेश भ्रमण भारत जाने परम्पराबाट यो फरक थियो।

भारतको बङ्गलादेशस्थित उच्चायुक्त दिनेश त्रिवेदीले गत हप्ता रहमानसँग भेट गर्नुभएको थियो, यसले सम्भावित सफलताको अनुमानलाई बढाएको थियो।

करिमका अनुसार बङ्गलादेश र भारतका अधिकारीहरू रहमानको भ्रमणको सम्भावनाबारे हालका हप्ताहरूमा सम्पर्कमा थिए।

"शेख हसिनाको खुला मिडिया अन्तर्वार्ताले सम्बन्ध सुधारको प्रक्रियामा समस्या उत्पन्न गरेको छ। उहाँ मानवताविरुद्धको अपराधमा दोषी ठहरिनुभएको छ।"

# हङ्गेरीमा बस दुर्घटनामा १२ जनाको मृत्यु




एएफपी। हंगेरीमा आइतबार बिहान यात्रुबाहक बस दुर्घटना हुँदा कम्तीमा १२ जनाको मृत्यु भएको छ भने अन्य यात्रु घाइते भएका छन्। प्रहरीले बस चालक निदाएका कारण दुर्घटना भएको हुन सक्ने जनाएको छ।

पोल्यान्डको नम्बर प्लेट भएको उक्त बस हङ्गेरीको एम-३ राजमार्गमा पूर्वतर्फ गइरहेको अवस्थामा स्थानीय समयअनुसार बिहान करिब १:०० बजे मेजोकेरसतेस सहरनजिकै सडकबाट तल खसेर खाल्डोमा पल्टिएको प्रहरीले जनाएको छ। उक्त स्थान राजधानी बुडापेस्टबाट करिब १४० किलोमिटर पूर्वमा पर्छ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा चालक निदाएका कारण बस अनियन्त्रित भएको हुन सक्ने देखिएको छ। चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको छ।

पोल्यान्डका विदेशमन्त्री रादोस्लाव सिकोर्स्कीले सामाजिक सञ्जाल 'एक्स'मार्फत हङ्गेरीमा पोल्यान्डका पर्यटक सवार बस दुर्घटनामा परेको जानकारी दिँदै आफ्नो मन्त्रालय हङ्गेरीका अधिकारीहरूसँग सम्पर्कमा रहेको बताउनुभएको छ।

पोल्यान्डका राष्ट्रपति कारोले नाभ्रोस्कीले दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकका परिवार तथा आफन्तप्रति समवेदना प्रकट गर्नुभएको छ।

हङ्गेरीका प्रधानमन्त्री पेतर म्याग्यारले सामाजिक सञ्जालमार्फत दुर्घटनामा कम्तीमा १० जना गम्भीर घाइते भएको बताउनुभयो। उहाँले मृतकका परिवारप्रति समवेदना व्यक्त गर्दै घटनास्थलमा खटिएका उद्धारकर्मीलाई धन्यवाद दिनुभएको छ।

# अस्ट्रेलियाविरुद्ध बंगलादेशको ऐतिहासिक टेस्ट जित



**टुडे समाचारदाता**

काठमाण्डु। बंगलादेशले अस्ट्रेलियालाई उसकै मैदानमा ९ विकेटले पराजित गर्दै पहिलोपटक टेस्ट क्रिकेटमा ऐतिहासिक जित हात पारेको छ।

डार्विनमा जारी दुई टेस्टको सिरिजअन्तर्गत पहिलो खेलमा बंगलादेशले चौथो दिन अस्ट्रेलियामाथि शानदार जित निकालेको हो।

अस्ट्रेलिया दोस्रो इनिङमा २ सय ८४ रनमा समेटिएपछि बंगलादेशले जितका लागि ५७ रनको सामान्य लक्ष्य पाएको थियो। उक्त लक्ष्य बंगलादेशले एक विकेट गुमाएर पूरा गर्‍यो। मोमिनुल हकले बिउ वेब्स्टरलाई चौका प्रहार गर्दै विजयी रन पूरा गरे।

योसँगै बंगलादेशले अस्ट्रेलियाको भूमिमा पहिलोपटक टेस्ट जित्ने इतिहास बनाएको छ। टेस्ट क्रिकेटमा २६ वर्षदेखि प्रतिस्पर्धा गरिरहेको बंगलादेशका लागि यो अहिलेसम्मकै ठूलो उपलब्धिमध्ये एक हो।

खेलको चौथो दिन बंगलादेशको जितमा स्पिनर मेहिदी हसन मिराजको भूमिका निर्णायक रह्यो। उनले ६६ रन खर्चेर ५ विकेट लिएपछि अस्ट्रेलियाको दोस्रो इनिङ २ सय ८४ रनमै सीमित भएको थियो। मिराजले यसअघि तेस्रो दिन ब्याटिङतर्फ ६५ रनको महत्वपूर्ण योगदान पनि दिएका थिए।

अस्ट्रेलियाका लागि क्यामरन ग्रिनले १ सय ४ रनको उत्कृष्ट इनिङ खेल्दै टोलीलाई संकटबाट निकाल्ने प्रयास गरे। तर हसन महमुदले उनलाई बोल्ड गरेपछि अस्ट्रेलियाको खेल जोगाउने सम्भावना लगभग समाप्त भएको थियो।

महमुदले खेलभर उत्कृष्ट बलिङ गर्दै पहिलो इनिङमा ६ तथा दोस्रो इनिङमा ३ विकेट लिए। समग्र प्रदर्शनका आधारमा उनी प्लेयर अफ द म्याच घोषित भए।

मिराजले एलेक्स केरीलाई ३० रनमा क्याच गराएपछि बिउ वेब्स्टरलाई ५ रनमा बोल्ड गरे। त्यसपछि उनले कप्तान प्याट कमिन्सलाई ८ रनमा आउट गरे। ग्रिन र मिचेल स्टार्कले आठौँ विकेटका लागि ४३ रनको साझेदारी गरे पनि टास्किन अहमदले स्टार्कलाई १८ रनमा आउट गरेपछि अस्ट्रेलियाको प्रतिरोध कमजोर बनेको थियो।

ग्रिनले आफ्नो घरेलु मैदानमा तेस्रो टेस्ट शतक पूरा गरे पनि हसन महमुदको बलमा आउट भएपछि अस्ट्रेलियाको तल्लो क्रम धेरै टिक्न सकेन। त्यसपछि मिराजले नाथन लायनलाई आउट गरेपछि बंगलादेश जितको संघारमा पुगेको थियो।

लक्ष्य पछ्याउने क्रममा बंगलादेशले तान्जिद हसन तामिमलाई जोस हेजलउडको बलमा शून्य रनमै गुमाएको थियो। तर मोमिनुल हक ३० रनमा अविजित रहँदा शादमान इस्लामले २५ रन बनाएपछि बंगलादेशले सहज रूपमा लक्ष्य पूरा गर्‍यो।

पहिलो इनिङमा अस्ट्रेलियाले १ सय ९८ तथा बंगलादेशले ४ सय २६ रन बनाएको थियो।

'कुनै पनि फर्म्याटमा यो बंगलादेशको अहिलेसम्मकै ठूलो जित हो,' कप्तान नजमुल हुसेन शान्तोले भने, 'हामीले धेरै मेहनत गरेका छौँ र खेलाडीहरूले जसरी प्रदर्शन गरे, त्यसमा म निकै खुसी र गर्व गर्छु।'

अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले बंगलादेशले खेलका सबै पक्षमा आफ्नो टोलीलाई पछि पारेको स्वीकार गरे। 'उनीहरूले धैर्य र अनुशासनका साथ खेले। हाम्रो तयारी राम्रो थियो, त्यसैले कुनै बहाना छैन,' उनले भने।

अस्ट्रेलियाले टेस्ट क्रिकेटमा यसअघि सन् २०१७ मा मिरपुरमा बंगलादेशसँग पराजय बेहोरेको थियो। दोस्रो टेस्ट अगस्ट २२ मा सुरु हुनेछ।

# मेस्सी फेरि पेनाल्टीमा गोल गर्न चुके



**टुडे समाचारदाता**

काठमाण्डु। लियोनल मेस्सी लगातार तेस्रो पेनाल्टीमा गोल गर्न असफल हुँदा इन्टर मियामी शनिबार नासभिल एससीसँग ४-१ को फराकिलो अन्तरले पराजित भएको छ। योसँगै मियामीले लगातार तेस्रो हार बेहोरेको छ।

खेलको १७औँ मिनेटमा एन्डी नाजारले गोल गर्दै नासभिललाई सुरुवाती अग्रता दिलाएका थिए। त्यसको केही मिनेटपछि मियामीले बराबरी गर्ने अवसर पायो। २३औँ मिनेटमा प्राप्त पेनाल्टीमा मेस्सीको प्रहार नासभिलका गोलरक्षक ब्रायन स्वाकले बचाए।

रिबाउन्डमा सर्जियो रेगुइलोनले गोल गरे पनि भिडियो सहायक रेफ्री (भीएआर) को समीक्षापछि उनले पेनाल्टी क्षेत्रभित्र समयअघि प्रवेश गरेको ठहर गर्दै गोललाई मान्यता दिइएन।

सन् २०१४ पछि पहिलोपटक मेस्सी लगातार तीन पेनाल्टीमा गोल गर्न असफल भएका हुन्। गत महिना सम्पन्न विश्वकपमा अर्जेन्टिनाका लागि उनले अस्ट्रिया र इजिप्टविरुद्ध पनि पेनाल्टीमा गोल गर्न सकेका थिएनन्।

एमएलएसमा भने मेस्सीले सन् २०२५ को सेप्टेम्बर १३ पछि पहिलोपटक पेनाल्टी गुमाएका हुन्।

पहिलो हाफको इन्जुरी समयको तेस्रो मिनेटमा मेस्सीले टेलास्को सेगोभियालाई उत्कृष्ट पास उपलब्ध गराए। सेगोभियाले आकर्षक फुटवर्क देखाउँदै गोल गरेपछि मियामीले खेल १-१ को बराबरीमा ल्याएको थियो।

तर दोस्रो हाफमा नासभिलले मियामीमाथि पूर्ण दबाब बनायो। पूर्व एमएलएस एमभीपी हानी मुख्तारले दुई गोल गरे भने साम सुरिजले ५६औँ मिनेटमा ब्याकहिलमार्फत गोल थपे। मुख्तारले ४९औँ र ६३औँ मिनेटमा गोल गरेका थिए।

मियामी ३-१ ले पछि परेको अवस्थामा सुरिजले गोल गर्नुअघि आफूलाई फाउल गरिएको भन्दै मेस्सीले रेफ्रीसँग कडा अपिल गरे। त्यस क्रममा उनले पहैँलो कार्ड पाए।

खेलको अन्तिमतिर पनि मेस्सीका लागि दुर्भाग्य जारी रह्यो। एउटै आक्रमणमा उनको प्रहार दुईपटक पोस्टमा लाग्यो। त्यसपछि उनले गोल गरे पनि अफसाइडका कारण त्यसलाई मान्यता दिइएन।

नासभिलको चौथो गोलमा भने मियामीकै गल्ती निर्णायक बन्यो। गोलरक्षक रोक्को रियोस नोभो पेनाल्टी क्षेत्रभन्दा निकै बाहिर निस्कँदा चिप्लिए।

नासभिलका गोलरक्षक स्वाकले अगाडि बढाएको लामो किक मुख्तारसम्म पुगेपछि उनले खाली पोस्टमा सहजै गोल गर्दै नासभिलको ४-१ को जित पक्का गरे।

लिगमा लगातार ६ खेल अपराजित रहेको मियामीले यो खेल जितेको भए नासभिललाई पछि पार्दै इस्टर्न कन्फरेन्स र सपोर्टर्स' शिल्डको शीर्ष स्थानमा पुग्ने थियो। तर हारपछि नासभिलले १५ खेल बाँकी रहँदा मियामीमाथि पाँच अंकको अग्रता बनाएको छ।

लिग्स कपमा पनि मियामीले लगातार दुई खेल गुमाउँदै नकआउट चरणअघि नै प्रतियोगिताबाट बाहिरिएको थियो। ती दुवै खेलमा भने मेस्सी र स्ट्राइकर लुइस स्वारेज सुरुआती टोलीमा थिएनन्।

पिताको निधन भएको एक सातापछि मेस्सी शनिबार पहिलोपटक सुरुआती टोलीमा फर्किएका थिए। मोन्टेरेविरुद्धको खेलमा अनुपस्थित रहेका मेस्सी बुधबार लियोनविरुद्धको हारमा दोस्रो हाफमा मैदान प्रवेश गरेका थिए।

अब मियामीले बुधबार फिलाडेल्फिया युनियनको सामना गर्नेछ। लगातारको हारको शृंखला तोड्दै जितको लयमा फर्कन मियामीका लागि उक्त खेल महत्वपूर्ण हुनेछ।

# विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आज (आइतबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५२ रुपैयाँ ३९ पैसा र बिक्रीदर १५२ रुपैयाँ ९९ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७६ रुपैयाँ ०६ पैसा र बिक्रीदर १७६ रुपैयाँ ७५ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०६ रुपैयाँ ११ पैसा र बिक्रीदर २०६ रुपैयाँ ९२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८७ रुपैयाँ ४० पैसा र बिक्रीदर १८८ रुपैयाँ १३ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०७ रुपैयाँ ८२ पैसा र बिक्रीदर १०८ रुपैयाँ २४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ७२ पैसा र बिक्रीदर ११० रुपैयाँ १५ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११९ रुपैयाँ १३ पैसा र बिक्रीदर ११९ रुपैयाँ ६० पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५८ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ६० पैसा र बिक्रीदर २२ रुपैयाँ ६९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ५९ पैसा र बिक्रीदर ४० रुपैयाँ ७५ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ८२ पैसा र बिक्रीदर ४१ रुपैयाँ ९८ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६० पैसा र बिक्रीदर चार रुपैयाँ ६१ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ४९ पैसा र बिक्रीदर ४१ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ३० पैसा र बिक्रीदर ३७ रुपैयाँ ४४ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ७९ पैसा र बिक्रीदर १० रुपैयाँ ८३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ९८ पैसा र बिक्रीदर १६ रुपैयाँ ०५ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ५५ पैसा र बिक्रीदर २३ रुपैयाँ ६४ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ४२ पैसा र बिक्रीदर १९ रुपैयाँ ५० पैसा, कुवेती दिनार एकको खरिददर ४९५ रुपैयाँ ९८ पैसा र बिक्रीदर ४९७ रुपैयाँ ९३ पैसा, बहराइन दिनार एकको खरिददर ४०४ रुपैयाँ २१ पैसा बिक्रीदर ४०५ रुपैयाँ ८० पैसा, ओमनी रियाल एकको खरिददर ३९५ रुपैयाँ ८० पैसा र बिक्रीदर ३९७ रुपैयाँ ३६ पैसा रहेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ। रासस

# निजी क्षेत्रलाई विद्युत् व्यापारमा सहभागी गराउनुपर्ने



काठमाण्डु । मुलुकमा उत्पादित बिजुलीको बजार विस्तार गर्न निजी क्षेत्रलाई यसमा सहभागी गराउनुपर्नेमा ऊर्जा क्षेत्रका जानकारहरुले बताएका छन् ।

उनीहरूले विद्युत् बजार विस्तार गर्न नयाँ कानुन आवश्यक नरहेको र विद्यमान विद्युत् ऐन, २०४९ का आधारमा निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिपत्र दिन सकिने बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादक सङ्घ नेपाल (इप्पान)ले हालै ललितपुरमा आयोजना गरेको 'नेपाल-भारत ऊर्जा व्यापारः निजी क्षेत्रका लागि अबको बाटो' शीर्षकमा भएको छलफलमा उनीहरुले एउटा निकायबाट मात्र ठूलो परिमाणमा विद्युत् व्यापार सम्भव नहुने भन्दै प्रतिस्पर्धात्मक विद्युत् बजारका लागि निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्नेमा जोड दिएका हुन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मुलुकको अपार जलस्रोतको विद्युत् उत्पादनमा अधिकतम उपयोग गर्दै देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउने सरकार क्रियाशील रहेको बताउनुभयो। उहाँले यसका लागि निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अघि बढ्न चाहन्छ भन्नुभयो।

मन्त्री श्रेष्ठका अनुसार गत आर्थिक वर्षमा विद्युत् निर्यातबाट रु २९ अर्ब ३२ करोड आर्जन भएको तथा रु १८ अर्बभन्दा बढी खुद बचत भएको छ । अब पूर्वानुमानयोग्य नीति, सक्षम नियमन, निजी क्षेत्रको सहभागिता र प्रभावकारी ऊर्जा कूटनीतिमार्फत मुलुकलाई वर्षभरि विश्वसनीय विद्युत् निर्यातकर्ता बनाइनेछ।

पूर्वऊर्जा सचिव अनुपकुमार उपाध्यायले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमतिपत्र दिने सम्बन्धमा विगतमा कानुन तर्जुमा गरिएको भए पनि सरकार परिवर्तनका कारण निर्णय हुन नसकेको बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरणका पूर्वउपकार्यकारी निर्देशक प्रबल अधिकारीले विद्यमान ऐनमा उत्पादित विद्युत् बिक्री तथा आयातसम्बन्धी व्यवस्था रहेकाले त्यसकै आधारमा निजी क्षेत्रलाई व्यापारको अनुमतिपत्र दिन सकिने बताउनुभयो। विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आफ्नो उत्पादनका लागि ग्राहक खोज्न सक्ने प्रावधानयुक्त खुला पहुँचसम्बन्धी निर्देशिका जारी गर्ने तयारीमा आयोग रहेको जानकारी दिनुभयो।

इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले विद्युत् व्यापारमा निजी क्षेत्रको प्रवेशले ऊर्जा क्षेत्रमा अवसर सिर्जना हुने बताउनुभयो भने इप्पानका पूर्वउपाध्यक्ष आशिष गर्गले निजी क्षेत्र विद्युत् खरिद-बिक्रीका लागि तयार रहेको बताउनुभयो। रासस

## 'बिक्रेतामार्फत ग्यास बिक्री वितरण गरी उपभोक्तालाई राहत दिऔँ'



काठमाण्डु। ग्यास बिक्रेता महासङ्घ नेपालले बिक्रेतामार्फत ग्यासको बिक्री वितरण गरी उपभोक्तालाई राहत दिन सरकारसँग माग गरेको छ।

ग्यास उद्योग र फरकफरक स्थानमा बिक्री केन्द्र तोकेर ग्यास बिक्री वितरण गरिँदा उपभोक्ताले अनावश्यक दुःख पाएको भन्दै महासंघले नजिकैको बिक्रेतामार्फत उपभोक्तालाई सहज रुपमा ग्यास पाउन व्यवस्था गर्न माग गरेको हो।

"बिक्रेतामार्फत बिक्री नगरी उद्योग र विभिन्न बिक्री केन्द्रमार्फत ग्यास बिक्री गर्ने निर्णयले यसको अभाव थप जटिल बन्दै गएको छ", महासङ्घका अध्यक्ष ज्ञानेश्वर अर्यालद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ। महासङ्घले अहिले ग्यासको बिक्री वितरणमा देखिएको समस्या समाधानमा केन्द्रित हुन सरोकारवालाको ध्यानाकर्षणसमेत गराएको छ। रासस

# भन्सार कडाइले सार्थकता पाएकामा खुसी

नेपालगञ्ज। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ केन्द्रीय उपाध्यक्ष सुरकृष्ण वैद्यले अहिलेको सरकार स्पष्ट जनादेशसहित आएको भएको बताउनुभएको छ। शनिबार नेपालगन्ज उद्योग वाणिज्य महासङ्घको ३४ र ३५औं वार्षिक साधारणसभामा उहाँले पाँच वर्षका लागि जनताले म्यान्डेट दिएको सरकार भएको उल्लेख गर्दै सरकारले सय दिनमै सबै कुरा गरिसक्नुपर्छ भन्ने नभएको र सबै कुरा गर्न सम्भव नहुने बताउनुभयो।

उपाध्यक्ष वैद्यले अघिल्ला सरकारले गरेका नीतिको कमजोरी सच्याउन आग्रह गर्दै भन्सार कडाइले सार्थकता पाएकामा खुसी व्यक्त गर्नुभयो। राज्यले अहिले भन्सारमा कडाइ गरेको छ, त्यसले गर्दा व्यापक रूपमा हाम्रो व्यवसाय सञ्चालन गर्न सहज भएको उपाध्यक्ष वैद्यले भन्नुभयो। विगतमा खुला सीमाका कारण देशका नाकामा रु तीन-चार करोडबराबरको राजस्व चुहावट हुने गरेको समेत उहाँले उल्लेख गर्नुभयो।

अहिलेको अवस्थामा पुरानै नीति र नियम लागू भइरहे व्यवसायीलाई व्यवसाय गर्न सधैँ कठिन हुने उपाध्यक्ष वैद्यको भनाइ छ। उहाँले पुरानै कानुनअनुसार व्यवसायीमाथि डन्डा चलाउने काम भएको उल्लेख गर्दै राज्यको भनाइ र गराइ फरक हुँदा विश्वासको वातावरण बन्न नसकेको उल्लेख गर्नुभयो। सरकारले एकातिर आर्थिक क्षेत्रलाई ढुक्क हुन भने पनि अर्कातर्फ व्यवसायीमाथि धरपकड भइरहेको भन्दै पछिल्लो समय सरकारले २६८ व्यवसायीलाई पक्राउ गरेको बताउनुभयो।

भन्सारदेखि लिएर सबै क्षेत्रमा राज्यले स्पष्ट नीति बनाउन बाँकी रहेको उल्लेख गर्दै उपाध्यक्ष वैद्यले राज्यले नीति-नियम परिवर्तन नगरेर पुरानै नीतिमा टेकेर कानुन कार्यान्वयन गर्दा व्यापारी पलायन हुने अवस्था सृजना भएको बताउनुभयो। उहाँले अहिले लगभग ६० हजार व्यवसायी कालोसूचीमा परेको भन्दै उधारो कारोबारसम्बन्धी कानुन ल्याउन माग गर्नुभयो।रासस

# नाइमा मोबिलिटी एक्स्पोको सम्पन्न



काठमाण्डु । काठमाण्डुको भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' अनिबार समापन भएको छ । यही साउन २६ देखि छ दिनका लागि सुरु भएको मेलाको पाँचौं दिन आजसम्ममै आयोजकको लक्ष्यअनुसार अवलोकनकर्ता भृकुटीमण्डपस्थित एक्स्पोस्थल पुगिसकेका आयोजकको दाबी छ।

शनिबार एकैदिन ४२ हजार अवलोकनकर्ताले एक्स्पो भ्रमण गरेका आयोजकले जनाएको छ । यससँगै पाँच दिनमा मेला अवलोकनकर्ताको सङ्ख्या एक लाख ५० हजार नाघेको छ। नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)ले छ दिनमा डेढ लाखले मेला अवलोकन गर्ने अपेक्षा गरेको थियो।

अटोसो प्लानिङ कमिटीका अध्यक्ष गौरव शारडाले अवलोकनकर्ताको उल्लेख्य सहभागिताले उत्साहित बनाएको बताउनुभयो।

एक्स्पोको उद्घाटनका दिन यही साउन २६ गते २९ हजार, दोस्रो दिन २६ हजार, तेस्रो दिन २२ हजार र चौथो दिन ३१ हजारभन्दा बढीले अवलोकन गरेका आयोजकको तथ्याङ्क छ। मेलामा ५५ भन्दा बढी ब्रान्डका सवारीसाधन प्रदर्शनीमा राखिएका छन्। नयाँ-नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेर वितरक कम्पनीहरूले अवलोकनकर्तालाई आफ्ना स्टलमा आकर्षित गरिरहेका छन्।

अवलोकनकर्ताले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिस, ब्याट्रीको वारेन्टी/ग्यारेन्टी, रिसेल भ्यालूलगायतका विषयमा चासो राख्ने गरेका छन् । कम्पनीहरूले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन् । मेलामा हालसम्म विभिन्न ब्रान्डले ५३ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेका छन्।

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दोस्रो संस्करणको एक्स्पो आज साउन ३१ सम्म चल्नेछ।

एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको सहभागिता रहेको छ । एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन्। रासस

# महिलालाई आत्मनिर्भर बनाउन बङ्गुरपालनमा अनुदान

भोजपुर । पौवादुङमा गाउँपालिकाका महिला व्यावसायिक बङ्गुरपालनतर्फ आकर्षित भएका पाइएको छ ।

गाउँपालिकाले महिलालाई आयआर्जनसँग जोड्ने उद्देश्यले सञ्चालन गरेको 'उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम'मार्फत बङ्गुरका पाठापाठी तथा खोर निर्माणमा ५० प्रतिशत अनुदान पाएपछि महिला व्यावसायिक बङ्गुरपालनमा जुटेका हुन्।

पौवादुङमा गाउँपालिका-४ बास्तिमकी बर्तमाया राई गाउँपालिकाको सहयोगमा खोर निर्माणसँगै उन्नत जातका बङ्गुरका पाठापाठी पाएपछि व्यावसायिक रूपमा बङ्गुरपालन थालेको बताउनुहुन्छ । हाल उहाँले उन्नत जातका १० वटा बङ्गुरका पाठापाठीबाट व्यवसाय सुरु गर्नुभएको छ।

अनुदान पाएपछि स्थानीय किसानमा पशुपालनतर्फको आकर्षणसमेत बढेको छ । पशुपालन सुरु गर्न आवश्यक प्रारम्भिक लगानी प्राप्त हुँदा व्यवसाय सञ्चालन गर्न सहज भएको सोही पालिकाका जयमारानी राईले बताउनुहुन्छ। अनुदानले किसानलाई आफ्नै लगानीमा मात्र निर्भर हुनुपर्ने अवस्था कम गर्नुका साथै व्यावसायिक पशुपालनतर्फ अघि बढ्न प्रेरित गरेको उहाँको भनाइ छ।

पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले 'उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम'मार्फत वडा नं. ४, ५ र ६ का किसानलाई बङ्गुरपालनका लागि अनुदान दिइएको बताउनुभयो । "महिलालाई उद्यमशील बनाउँदै आयआर्जनसँग जोड्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेका हौं," उहाँले भन्नुभयो।

गाउँपालिकाले गत आर्थिक वर्षमा रु. ३० लाख बजेट विनियोजन गरी किसानको ५० प्रतिशत लागत साझेदारीमा रु. ६० लाख बराबरका कार्यक्रम सञ्चालन गरेको जनाएको छ। कार्यक्रममार्फत २० वटा बङ्गुर र एउटा बाख्रा फर्मलाई अनुदान दिइएको थियो।

गाउँपालिकाले आगामी दिनमा पनि स्थानीय आवश्यकता र किसानको मागका आधारमा पशुपालन तथा कृषिसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै गाउँपालिका उपाध्यक्ष ज्योत्सना राई भन्नुहुछ "महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन पशुपालन तथा कृषिमा आधारित विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं ।रासस


## बलवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बलवा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०५।०१**

यस नगरपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# कृषि उत्पादन 'पकेट' क्षेत्र विकास गर्न पाँच करोड ५० लाख अनुदान




कैलाली । कैलालीका १३ वटै स्थानीय तहमा 'एक स्थानीय तह दुई उत्पादन अभियान'अन्तर्गत विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरी गत आर्थिक वर्षमा रु पाँच करोड ५० लाख अनुदान उपलब्ध गराइएको छ।

कार्यक्रमबाट जिल्लाका ३७३ किसान लाभान्वित भएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ।

किसानलाई स्थानीयस्तरमै व्यवसाय सञ्चालन गर्न सहज बनाउँदै आयआर्जनमा वृद्धि गर्ने तथा बढीभन्दा बढी किसानलाई उत्पादनमा जोड्ने उद्देश्यले विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख चन्द्रकान्त पन्तले जानकारी दिनुभयो।

प्रमुख पन्तका अनुसार बाख्रा, भैंसी, बङ्गुर र मत्स्यपालनतर्फका फार्म, समूह तथा सहकारीमार्फत अनुदान दिइएको हो । कार्यक्रमअन्तर्गत चुरे गाउँपालिकाका ६७ बाख्रा फार्मलाई रु ४० लाख, मोहन्याल गाउँपालिकाका १० बाख्रा फार्म, तीन समूह र एक सहकारीलाई रु ४० लाख, गौरीगङ्गा नगरपालिकाका २२ बाख्रा फार्मलाई रु ४० लाख तथा सोही नगरपालिकाका थप २० बाख्रा फार्मलाई रु ४० लाख अनुदान उपलब्ध दिइएको छ।

त्यसैगरी, घोडाघोडी नगरपालिकाका चार बङ्गुर फार्मलाई रु ४० लाख, लम्कीचुहा नगरपालिकाका १३ भैंसी फार्मलाई रु ५० लाख, टीकापुर नगरपालिकाका सात भैंसी फार्मलाई रु ५० लाख, जानकी गाउँपालिकाका तीन भैंसी फार्मलाई रु ४० लाख, भजनी नगरपालिकाका चार भैंसी फार्मलाई रु ४० लाख र धनगढी उपमहानगरपालिकाका २२ भैंसी फार्मलाई रु ५० लाख अनुदान दिइएको छ।

बर्दगोरिया गाउँपालिकाका तीन मत्स्य फार्मलाई रु ४० लाख, जोशीपुर गाउँपालिकाका तीन बाख्रा फार्मलाई रु ४० लाख तथा कैलारी गाउँपालिकाका दुई बङ्गुर फार्म, दुई समूह र एक सहकारीलाई रु ४० लाख अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ।

'एक स्थानीय तह दुई उत्पादन' अभियानअन्तर्गत एउटा कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र अर्को कार्यक्रम कृषि ज्ञान केन्द्रमार्फत सञ्चालन हुने प्रमुख पन्तले बताउनुभयो।

यसैगरी, कार्यालयले एकल महिला, कमैया, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित गरी आयआर्जनमा सुधार ल्याउने उद्देश्यले बाख्रा तथा बङ्गुरपालनका लागि २१ समूहलाई प्रतिग्रुप रु एक लाख ७८ हजारका दरले अनुदान उपलब्ध गराएको छ।

सामुदायिक पशु व्यवस्थापनअन्तर्गत कैलालीका तीन गौशालाको थप व्यवस्थापनका लागि रु नौ लाख ५० हजार उपलब्ध गराइएको छ । साथै, हलगोरु तथा राँगा पाल्दै आएका जिल्लाका ५५१ किसानलाई प्रतिकिसान रु दुई हजार ७०० का दरले रु १४ लाख ८७ हजार प्रोत्साहन रकम उपलब्ध गराइएको केन्द्रले जनाएको छ।

यसबाट स्थानीयस्तरमा पशुपालन तथा मत्स्यपालन व्यवसायको विस्तारसँगै उत्पादन र किसानको आयआर्जन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। रासस

# प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवा बन्द

नारायणगढ। बागमती प्रदेश सरकारअन्तर्गतको प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भक्तपुरको जनस्वास्थ्य प्रयोगशाला सेवा एकाइ चितवनमा खकार परीक्षण तथा एचआइभी, एचसिभी र भाइरल लोड परीक्षणबाहेकका सम्पूर्ण सेवा बन्द भएका छन्।

प्रयोगशालामा अघिल्लो आर्थिक वर्षमा ल्याइएका सामग्री सकिएको र चालु आवका लागि आवश्यक सामग्री आइनसकेकाले गत साउन २६ गतेदेखि सेवा बन्द भएको हो। प्रयोगशालाका सूचना अधिकारी रमेशसिंह डोवालले प्रयोगशाला सेवा बन्द भएको सम्बन्धमा सूचना जारी गरी सेवाग्राहीलाई जानकारी गराइएको बताउनुभयो। उहाँका अनुसार प्रयोगशाला सामग्री खरिदको प्रक्रिया चलिरहेको भए पनि आवश्यक सामग्री आइनसकेका कारण सेवा बन्द गर्नुपरेको हो।

प्रयोगशालाबाट विभिन्न स्वास्थ्य परीक्षण हुँदै आएको थियो। यहाँ दैनिक एक सयभन्दा बढी व्यक्तिको विभिन्न स्वास्थ्य परीक्षण हुने गरेको सूचना अधिकारी डोवालले बताउनुभयो। अन्य स्थानको तुलनामा सस्तो र विश्वसनीय सेवा पाइने भएकाले सेवाग्राहीको आकर्षण रहेको उहाँको भनाइ छ।

"यहाँ आउने बिरामीले सेवा सस्तो र विश्वासिलो भएको बताउनुहुन्छ।रासस

# शैक्षिक समस्या सुधारका लागि 'शिक्षा संवाद'



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा देखिएका शिक्षा समस्या सुधारका लागि 'शिक्षा संवाद' कार्यक्रम सम्पन्न गरिएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन निर्माणअघि सातै प्रदेशमा सञ्चालन गरिरहेको शिक्षा संवाद अभियान अन्तर्गत मधेस प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न अगुवाहरूले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने विषय, विद्यालय शिक्षालाई बलियो र गुणस्तरीय बनाउने उपाय तथा विद्यालय शिक्षाको विकासमा समुदायको अपनत्व र सहभागिता बढाउने विषयमा सुझाव दिएका छन् ।

सरोकारवालाहरूले शिक्षा ऐन निर्माण गर्दा विद्यालय तहमा देखिएका व्यावहारिक समस्या, शिक्षक तथा विद्यालयका आवश्यकता र स्थानीय समुदायको भूमिकालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् ।

मधेस प्रदेशका ८ वटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रका अन्य अगुवाहरूले शिक्षा सुधारका विभिन्न विषयमा धारणा तथा सुझाव राखेका हुन् ।

धनुषास्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुण्डमा प्रधानाध्यापक एसोसिएसन नेपालको सहजीकरणमा आयोजित कार्यक्रममा मधेस प्रदेशमा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकार शैलेन्द्र झा, विद्यालय शिक्षा महाशाखा प्रमुख शिव सापकोटा, प्रधानाध्यापक एसोसिएसन नेपालका अध्यक्ष सुदाम गौतम, शिक्षा अभियन्ता अभिषेक घिमिरेलगायत सहभागी थिए ।

सातै प्रदेशमा पुगेर शिक्षा क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवाद गरी प्राप्त सुझावलाई आगामी शिक्षा ऐन तथा शिक्षा सुधारका नीतिमा समेट्ने उद्देश्यले मन्त्रालयले 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ ।

# रंगशालाका लागि भारतसँग बजेट मगाई दिन संघलाई मधेश सरकारको ताकेता

**मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समेत रंगशाला निर्माणको योजना समावेश गरेको छ । प्रस्ताव अनुसार रंगशालाको मास्टर प्लान तथा प्रारूप डिजाइन तयार पारिएको छ भने यसको कुल अनुमानित लागत करिब रु. ९ अर्ब २५ करोड रहेको उल्लेख गरिएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जनकपुरधामस्थित 'रामजानकी बहुउद्देश्यीय रंगशाला' निर्माणका लागि आवश्यक बजेट भारत सरकारसँग माग गर्न नेपाल सरकारलाई पुनः आग्रह गर्दै ताकेता गरेका छन् ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार पारेको प्रस्ताव प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि भारत सरकारसँग बजेट सहयोगका लागि नेपाल सरकारमार्फत पहल गर्न आग्रह गरिएको हो ।

मन्त्रालयले तयार पारेको प्रस्तावमा मधेश प्रदेशको राजधानीमा राष्ट्रियस्तरको समेत कुनै रंगशाला नरहेको अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न तथा खेलकुद क्षेत्रको विकास र समृद्धिका लागि रामजानकी बहुउद्देश्यीय रंगशाला निर्माण आवश्यक रहेको उल्लेख गरिएको छ ।

तत्कालीन नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको च.नं. १३१३, मिति २०७५ पुस ३० को पत्रमार्फत भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणका क्रममा औपचारिक तथा अनौपचारिक द्विपक्षीय सहयोग सम्बन्धी छलफल भएको र नेपाली खेलकुद जगतलाई भारतीय सहयोग तथा मायाको चिनोका रूपमा रामजानकी रंगशाला निर्माणमा सहयोग गर्न अनुरोध गरिएको विषय परराष्ट्र मन्त्रालयमा समेत पठाइएको प्रस्तावमा भनिएको छ ।

त्यसपछि भारतका प्रधानमन्त्रीको जनकपुरधाम भ्रमणका क्रममा जनकपुरधामको विकासका लागि रु. १०० करोड सहयोग घोषणा भएको गरिएको थियो । उक्त घोषणापछि मधेश प्रदेश सरकारले मिति २०८० भदौ १० को मन्त्रिस्तरीय निर्णयबाट श्री रामजानकी बहुउद्देश्यीय रंगशालालाई प्रदेशको गौरवको कार्यक्रमका रूपमा अघि बढाउने निर्णय गरेको थियो ।




मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समेत रंगशाला निर्माणको योजना समावेश गरेको छ । प्रस्ताव अनुसार रंगशालाको मास्टर प्लान तथा प्रारूप डिजाइन तयार पारिएको छ भने यसको कुल अनुमानित लागत करिब रु. ९ अर्ब २५ करोड रहेको उल्लेख गरिएको छ ।

प्रदेश सरकारसँग पर्याप्त स्रोत अभाव रहेकाले रंगशालाको पहिलो चरणको निर्माण कार्य भारत सरकारको सहयोगमा अघि बढाउनुपर्ने प्रस्तावमा जोड दिँदै पहिलो चरणमा क्रिकेट स्टेडियम, फुटबल, कबड्डी हल तथा टेबल टेनिस कोर्ट लगायतका पूर्वाधार निर्माण गर्ने योजना छ ।

पहिलो चरणको उक्त कार्यका लागि अनुमानित लागत रु. २ अर्ब ७५ करोड २५ लाख ८६ हजार ३ सय ३६ रुपैयाँ ९५ पैसा भारत सरकारसँग माग गर्न नेपाल सरकारलाई पुनः अनुरोध गर्ने निर्णय मधेश प्रदेश सरकारले गएको साउन १९ गते गरेको हो ।

रामजानकी बहुउद्देश्यीय रंगशाला निर्माणका लागि भारत सरकारसँग बजेट माग गर्ने विषयमा मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय र अर्थ मन्त्रालयबाट समेत आवश्यक परामर्श लिइएको प्रस्तावमा उल्लेख छ । मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न ती दुवै मन्त्रालयबाट सहमति प्राप्त भइसकेको प्रस्ताव पत्रमा भनिएको छ ।

प्रदेश सरकारसँग स्रोत अभाव रहेका कारण स्रोत व्यवस्थापनका लागि नेपाल सरकारसँग बजेट सहायता माग गर्नुपर्ने देखिएपछि भौतिक पूर्वाधार विकास मन्त्रालयले मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गरेको हो । मन्त्रालयका मन्त्रीबाट विभागीय स्वीकृति प्राप्त भएपछि प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को अनुसूची-१ अन्तर्गतको सम्बन्धित व्यवस्थाबमोजिम प्रस्ताव तयार गरिएको उल्लेख छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रिपरिषदबाट पारित भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत सोही दिन नेपाल सरकारका प्रधानमन्त्री कार्यालयलाई प्रस्ताव पारित निर्णय सहित पठाई सकिएको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता प्रवीण प्रताप अधिकारीले जानकारी दिएका छन् ।

उनका अनुसार गत वर्षपनि प्रदेश सरकारले नेपाल सरकारलाई प्रस्ताव पारित गर्दै सहयोगका लागि आग्रह गरेका थिए । तर कुनै चासो लिइएन ।

### प्रदेश बजेट अपुग

प्रवक्ता अधिकारीले भने पहिलो चरणमै झण्डै तीन अर्बको लागत रहेको छ । यति ठूलो रकम प्रदेश सरकारको हैसियत बाहिर रहेको छ, अन्य सहयोग नेपाल सरकारकै पहलबाट हुने भएकाले विगतमा भारतीय प्रधानमन्त्रीले जनकपुरधामलाई सहयोग गर्ने प्रतिबद्धता अनुसार सहयोगका लागि पहल गरिदिन नेपाल सरकारलाई आग्रह गरेका हौं ।

उनले भने गत वर्ष झै यसवर्ष पनि प्रदेश सरकारले एक करोड रुपैया बजेट छुट्याएको छ । तर त्यो ऊँटको मुखमा जीराको फोरन झै हुने भएकाले बाह्य सहयोग अपरिहार्य छ । प्रदेश सरकारले छुट्याएको एक करोड रुपैयबाट त गुठी संस्थानलाई लीज वापत नै वर्षेणी २५ लाख रुपैया तिर्नु परिरहेको छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । करेन्ट लागेर धनुषामा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरीको एकडारा नगरपालिका-१ बस्ने रविन्द्र महतोकी २३ वर्षीया पत्नी पुनिताकुमारी महतो रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी मधुसुधन न्यौपानेका अनुसार पुनिता जनकपुरधामउपमहानगरपालिका-१७ तेतरियास्थित भिनाजु सन्देश महतोको घरमा आएका बेला घटना भएको हो ।

बिहान करिब ११ बजे मोटरको स्विच थिच्ने क्रममा उनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएकी पुनितालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको थियो ।

अस्पताल पुऱ्याएपछि चिकित्सकले जाँच गर्दा दिउँसो करिब १२ बजे उनलाई मृत घोषणा गरेको डीएसपी न्यौपानेले जानकारी दिए । मृतकको शव हाल प्रादेशिक अस्पताल जनकपुरधाममै राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## खैरो हिरोइनसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्ज महानगरपालिका-१५ बाट ५०.७ ग्राम अवैध लागूऔषध खैरो हेरोइनसहित दुई जना पक्राउ गरेका छन् ।लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगञ्जबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा पर्साको पकाहा मैनपुर गाउँपालिका-४ का २४ वर्षीय सम्साद देवन र बिन्दवासिनी गाउँपालिका-५ का २२ वर्षीय सनप्राज शेख रहेका छन् ।

प्रहरीले उनीहरूको साथबाट ५०.७ ग्राम खैरो हेरोइन, एक थान मोबाइल र नम्बर नखुलेको एउटा मोटरसाइकल बरामद गरेको जनाएको छ ।

# ग्यास व्यवसायी संघकै पसलबाट १३१ ग्यास बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । खाना पकाउनेको ग्यासको आभाव रहेको बेला ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले सँचालन गर्दै आएको सागर ट्रेडर्सबाटै भारी सँख्यामा ग्यास बरामद भएको छ ।

अध्यक्ष पण्डितको गोदामबाट १३१ वटा मनोज कम्पनीको ग्यास बरामद गरिएको अनुगमन टोलीले जनाएको छ । जनकपुरको बजरँगचौकस्थित रहेको सागर ट्रेडर्समा उपभोक्ताहरुको गुनासोको आधारमा अध्यक्षकै पसलमा छापामारी गरेको थियो ।

नेपाल आयल निगम महेन्द्रनगर डिपोबाट रामराज सिँहको नेतृत्वमा खटि गएको अनुगमन टोलीले सटर बन्द गरि राखिएको अवस्थामा छापामारी गर्दा १३१ भर्ती ग्यास बरामद भएको जनाएको छ ।



अनुगमन टोलीकै एक कर्मचारी अनुसार, ग्यासको अभाव भएको बेला पण्डितले सटर डाउन गरी राखेका थिए । सटर बन्द गरी ग्यास जम्मा गरेको आरोपमा कारवाही प्रक्रिया थालिने जानकारी दिए ।

उनले आम उपभोक्तालाई ग्यास नदिएर सटरमा ताला लगाएर राखेको अवस्थामा ग्यास बरामद भएको पाईएको हो । जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वयमा कारवाही हुने उनले बताए ।

यता, अध्यक्ष पण्डितले भने उपभोक्ताहरुलाई ग्यास वितरणको लागि राखिएको बताएका छन् । उनले भने आफ्नो गोदाममा राखिएको ग्यास कालाबजारीका लागि होइन उपभोक्ताहरुलाई सूची अनुसार बाँड्नका लागि थियो । तर कुरै नबुझी छापामारी गरी सो ग्यास नियन्त्रणमा लिएका हुन् ।

# योजना दिलाई दिने नाममा ठगी गर्ने पराजुली पक्राउ

**टुडे समाचारदाता**

लहान । मधेश प्रदेश सरकारकाविभिन्नमन्त्रालयबाट योजना दिलाइदिने भन्दै ठगी गर्दै आएका पोखराका रामेश्वर पराजुली पक्राउ परेका छन् । सिरहा प्रहरीले कास्कीको पोखरा उपमहानगरपालिका-५ का ३८ वर्षीय पराजुलीलाई गत साउन २७ गते नै पक्राउ गरेको हो ।



सिरहाका योगेन्द्रकुमार यादवले उनीविरुद्ध ७ लाख रुपैयाँको चेक बाउन्स भएको बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गराएका थिए । तर, पक्राउ परेपछि पराजुलीले २९ गते पीडितसँग लेनदेन गरी मिलापत्र गरेका छन् ।

पीडित यादवका अनुसार मधेश प्रदेश सरकारबाट विकास योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै पराजुलीले ७ लाख रुपैयाँ लिएका थिए । तर, योजना नपरेपछि यादवले पैसा फिर्ता माग्दा आलटाल गर्दै आएका पराजुलीले चेक दिएका थिए । चेक पनि नसाटिएपछि उनले मुद्दा दर्ता गराएका थिए ।

सिरहाबाट मुद्दा टुंगिए पनि पराजुलीलाई रिहा नगरी प्रहरीकै गाडीमा शनिबार जिल्ला प्रहरी कार्यालय, महोत्तरी पुऱ्याएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए । उनीविरुद्ध महोत्तरीमा ठगी तथा आपराधिक विश्वासघात र बैंकिङ कसुर गरी दुईवटा मुद्दा दर्ता रहेको छ ।

महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी पञ्चलाल गोलेका अनुसार एकडारा गाउँपालिका-४ दरवेश राय यादवले उनीविरुद्ध ३-३ लाख गरी ६ लाख रुपैयाँ बिगो दाबी गरेर जाहेरी दर्ता गराएका हुन् । मधेशका मन्त्रालयहरूबाट योजना दिलाइदिने भनेर पराजुलीले पैसा लिएको दरवेशको आरोप छ ।

पराजुलीमाथि अनुसन्धान गर्नका लागि अदालतबाट लिन पठाउने तयारी भइरहेको डीएसपी गोलेले बताए । मधेशका जिल्लामा मात्रै नभएर पराजुलीमाथि काठमाडौंमा पनि यस्तै प्रकृतिका २०७४ सालयता दर्ता भएका आधा दर्जन बढी मुद्दा छन् ।

सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यफरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानूनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८